मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

कानुन निर्माणमा नागरिकको सहभागिता बढाउन 'डिजिटल प्लेटफर्म'

समाचार पृष्ठ ५ मा



वर्ष ४ | अंक १८३ | २०८३ साल जेष्ठ ०८ गते शुक्रबार | Friday 22, May 2026 | सूर्योदय: बिहान ०५:१४ बजे | सूर्यास्त: साँझ ०६:५० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेश सरकारमा एमालेको प्रवेश जनमत र जसपाका मन्त्री बर्खास्त




**मधेशदृष्टि
जनकपुरधाम।**
मधेश प्रदेशमा नयाँ सत्ता समीकरण बनेसँगै मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ । नेकपा एमाले सरकारमा सहभागी भएपछि नेपाली कांग्रेस नेतृत्वको सरकारमा जसपा नेपाल र जनमत पार्टी बाहिरिएका हुन्।

नयाँ समीकरणअनुसार नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री कृष्ण प्रसाद यादव नेतृत्वको मन्त्रिपरिषद् गठन गरिएको छ।

सार्वजनिक गरिएको कार्यविभाजनअनुसार मुख्यमन्त्री यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित अर्थ, शिक्षा तथा संस्कृति, श्रम तथा यातायात, भौतिक पूर्वाधार विकास तथा खेलकुद एवम् समाज कल्याण मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन्।

मन्त्रिपरिषद्मा नेपाली कांग्रेसका जंगीलाल रायलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ भने नेकपाका जवाहर लाल कुशवाहाले ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय सम्हाल्ने भएका छन्।

त्यसैगरी नेकपाकै कनिष पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री बनेका छन् भने नेपाली कांग्रेसका शंकर प्रसाद चौधरीलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ । कांग्रेसका श्याम प्रसाद पटेलले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन्।

नेकपाकै फकिरा महतो गृह, सञ्चार तथा कानून मन्त्री नियुक्त भएका छन् भने एमालेबाट सरकारमा सहभागी भएका मोहम्मद समीरलाई विनाविभागीय मन्त्री बनाइएको छ। एमाले सरकारमा सहभागी भएसँगै यसअघिको सत्ता साझेदार जसपा नेपाल र जनमत पार्टी सरकारबाट बाहिरिएका छन्। सरकारले आज शुक्रबार विश्वासको मत लिँदैछ।

## मधेशमा ठूलो दल बन्यो जसपा नेपाल दलका नेतामा यादव



**मधेशदृष्टि
जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेश संसदीय दलको नेतामा सरोजकुमार यादवले सर्वसम्मत रूपमा निरन्तरता पाएका छन् । बिहीबार बसेको संसदीय दलको बैठकले उनलाई दलको नेताको रुपमा निरन्तरता दिने निर्णय गरेको हो ।जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीच पार्टी एकतापछि प्रदेशस्तरमा समेत राजनीतिक समायोजनको प्रक्रिया अघि बढाइएको छ । यसअघि दुवै दलले प्रदेश सभामा छुट्टाछुट्टै संसदीय दलको कार्यालय सञ्चालन गर्दै आएका थिए । प्रदेशस्तरमा एकताको टुंगो लागेसँगै संयुक्त संसदीय संरचना निर्माण गरिएको हो।

दलको नेतामा यादव चयन भएसँगै मधेश प्रदेशमा जसपा नेपालको राजनीतिक प्रभाव थप मजबुत भएको आकलन गरिएको छ। प्रदेशसभामा अब जसपा नेपाल २६ जना प्रदेशसभा सदस्यसहित सबैभन्दा ठूलो दल बनेको छ। यद्यपि, यो संख्यामध्ये एक जना सभामुख रहेका छन् भने दुई जना प्रदेशसभा सदस्य निलम्बनमा छन्।

निलम्बितमध्ये एक जना प्रदेशसभा सदस्यविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा चलिरहेको छ भने अर्का एक जना मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन बिक हत्या प्रकरणमा जिल्ला अदालतबाट जन्मकैदको फैसला भएपछि निलम्बनमा परेका हुन्।

यसअघि मधेश प्रदेश सभाको सबैभन्दा ठूलो दल रहेको नेकपा एमाले अहिले २४ जना प्रदेशसभा सदस्यसहित दोस्रो स्थानमा पुगेको छ । त्यस्तै नेपाली कांग्रेस २२ जना सदस्यसहित तेस्रो ठूलो दलका रूपमा रहेको छ।

प्रदेश सभामा नेकपा माओवादी केन्द्र चौथो तथा जनमत पार्टी पाँचौँ ठूलो दल बनेका छन् । यसबाहेक नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक–एक जना प्रदेशसभा सदस्य रहेका छन्।

प्रदेश राजनीतिमा दलहरूको नयाँ शक्ति सन्तुलन बनेसँगै आगामी सरकार गठन र विश्वासको मतसम्बन्धी समीकरणमा समेत यसको प्रभाव पर्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ।

## मधेशमा मनसुनको उच्च जोखिम प्रक्षेपण, ३५ हजार प्रभावित हुने

**मधेशदृष्टि
जनकपुरधाम।**
मनसुनका कारण मधेश प्रदेशका विभिन्न जिल्लामा ठूलो संख्यामा सर्वसाधारण प्रभावित हुनसक्ने अनुमान गरिएको छ। जल तथा मौसम विज्ञान कार्यालय जनकपुरको तथ्यांकअनुसार प्रदेशभर करिब ३५ हजारभन्दा बढी व्यक्ति तथा ८ हजार ९२ घरपरिवार मनसुनजन्य विपद्को जोखिममा रहेका छन्।



कार्यालयद्वारा सार्वजनिक गरिएको तथ्यांकअनुसार सबैभन्दा बढी जोखिम रौतहट जिल्लामा रहेको छ। रौतहटमा मात्रै ९ हजार १ सय ३८ भन्दा बढी व्यक्ति प्रभावित हुन सक्ने अनुमान गरिएको छ । त्यसपछि सर्लाहीमा ६ हजार ७ सय ७२, सिरहामा ६ हजार १ सय ९१ तथा महोत्तरीमा ६ हजार १ सय ६६ व्यक्ति जोखिममा रहेको उल्लेख गरिएको छ। यस्तै धनुषामा २ हजार ९ सय १६, सप्तरीमा २ हजार ५ सय १७ तथा पर्सामा १ हजार ९३ व्यक्ति प्रभावित हुन सक्ने अनुमान गरिएको छ । सबैभन्दा कम जोखिम बारा जिल्लामा देखिएको छ, जहाँ करिब १ सय ५० व्यक्ति प्रभावित हुन सक्ने आँकलन गरिएको छ।

जल तथा मौसम विज्ञान कार्यालय जनकपुरका निमित्त प्रमुख राजीवकुमार झाले उक्त तथ्यांकलाई आधार बनाएर मनसुन फोरम आयोजना गरिएको जानकारी दिए। उनका अनुसार कार्यक्रममार्फत मनसुनका कारण हुन सक्ने सम्भावित प्रभावबारे सरोकारवाला निकाय तथा सर्वसाधारणलाई जानकारी गराइएको हो।

मनसुनको समयमा बाढी, डुबान, नदी कटान तथा अत्यधिक वर्षाका कारण जनधनको क्षति हुन सक्ने भन्दै सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारीमा जुट्न आग्रह समेत गरिएको थियो।

## सरकारलाई विश्वासको मत दिने निर्णय




जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेश संसदीय दलको बैठकले मधेश प्रदेश सरकारलाई विश्वासको मत दिने सर्वसम्मत निर्णय गरेको छ। संसदीय दलको बैठकले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई समर्थन गर्ने निर्णय गरेको हो।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै जसपा नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले प्रदेशमा राजनीतिक स्थायित्व, विकास निर्माण र जनअपेक्षा पूरा गर्नका लागि पार्टीले सरकारलाई विश्वासको मत दिने निर्णय गरेको बताए । उनले प्रदेशमा पटक–पटक देखिने राजनीतिक अस्थिरताका कारण विकास निर्माणका काम प्रभावित भइरहेको उल्लेख गर्दै वर्तमान अवस्थामा जिम्मेवार भूमिका निर्वाह गर्नु आवश्यक रहेको धारणा राखे ।'जनताको हित, सुशासन र प्रदेशको समृद्धिलाई केन्द्रमा राखेर हामीले निर्णय गरेका हौँ,' उनले भने।

महतोका अनुसार सरकारलाई समर्थन गर्नुको अर्थ गलत काममा मौन समर्थन गर्नु नभई जनताका मुद्दामा खबरदारीसहित सहकार्य गर्नु हो । उनले मधेश प्रदेशको विकास, रोजगार, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रका समस्या समाधानमा सरकारले प्रभावकारी काम गर्नुपर्नेमा जोड दिए।

यसअघि जसपा नेपालभित्र विश्वासको मतबारे विभिन्न अड्कलबाजी भइरहेका बेला संसदीय दलको बैठकले एकमतका साथ निर्णय गरेपछि मधेश प्रदेश सरकारलाई थप राजनीतिक बल पुगेको विश्लेषण गरिएको छ।

## पप्पुका सञ्चालक रौनियारलाई पक्राउ आदेश

**मधेशदृष्टि
वीरगंज।**
ठेक्का लिएर समयमै काम सम्पन्न नगर्ने आरोपमा पटक–पटक विवादमा आएका पप्पु कन्स्ट्रक्सन प्रालिका सञ्चालक सुमित रौनियारविरुद्ध पर्सा जिल्ला अदालतले पक्राउ आदेश जारी गरेको छ । अदालतले बिगो सम्बन्धी मुद्दामा दोषी ठहर गर्दै तोकिएको रकम नतिरेपछि उनलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन प्रहरीलाई निर्देशन दिएको हो। वीरगंज महानगरपालिका–१४ का मनोज पटेल सञ्चालित प्रमोद निर्माण सेवाले दायर गरेको मुद्दामा अदालतले रौनियारलाई १ करोड १५ लाख ६५ हजार रुपैयाँ भुक्तानी गर्न आदेश दिएको थियो । रकम नतिरेको अवस्थामा दुई वर्ष कैद सजाय हुने फैसला अदालतले २०८० कात्तिक २० गते नै सुनाएको थियो । अदालतको आदेशअनुसार वैशाख ३१ गते पक्राउ पुर्जी जारी भए पनि एक साताभन्दा बढी समय बितिसक्दा पनि रौनियार पक्राउ परेका छैनन्। यसप्रति मुद्दाका वादी मनोज पटेलले असन्तुष्टि जनाउँदै प्रहरीले पर्याप्त सक्रियता नदेखाएको आरोप लगाएका छन्।

## मुख्यमन्त्री यादवले आज विश्वासको मत लिने



**मधेशदृष्टि
जनकपुरधाम।**
मधेश प्रदेश सभाको सातौँ अधिवेशनअन्तर्गत आज शुक्रबार बस्ने बैठकमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिने भएका छन् । प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले शुक्रबार दिउँसो १ बजे विश्वासको मत लिने निर्णय गरेको हो। सीके राउत नेतृत्वको जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले पुनः विश्वासको मत लिन लागेका हुन्। सरकार टिकाइराख्न सत्तारुढ गठबन्धनले आवश्यक बहुमत जुटाउने प्रयास तीव्र बनाएको छ।

प्रदेश सभाको बैठकमा विश्वासको मतसँगै आगामी नीति तथा कार्यक्रम तथा बजेट अधिवेशनका विषयमा समेत छलफल हुने बताइएको छ।

## दुर्गा प्रसाईंलाई रिहाइ माग्दै प्रदर्शन

**मधेशदृष्टि
वीरगंज।**
मेडिकल व्यवसायी तथा 'नागरिक बचाउ महाअभियान नेपाल'का संयोजक दुर्गा प्रसाईंको रिहाइको माग गर्दै बिहीबार वीरगंजमा प्रदर्शन गरिएको छ । प्रसाईंका समर्थक जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि भेला भई विभिन्न नारा लेखिएका प्लेकार्डसहित घण्टाघरसम्म प्रदर्शन गरेका थिए।

त्यसपछि उनीहरू पुनः जिल्ला प्रहरी कार्यालय अगाडि फर्किएर विरोध सभा गरेका थिए। प्रदर्शनका क्रममा सहभागीहरूले 'आवाजविहीन नेपाली जनताको आवाज दुर्गा प्रसाईंलाई बिना शर्त रिहा गर', 'राज्य आतंक बन्द गर' तथा 'प्रहरी दमन बन्द गर'लगायतका नारा लगाएका थिए। केही प्रदर्शनकारीले टाउकोमा कालो पट्टी बाँधेर विरोध जनाएका थिए । प्रदर्शनमा सहभागीहरूले सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा प्रसाईंलाई पक्राउ गरेको आरोप लगाउँदै तत्काल रिहा गर्न माग गरेका छन्। प्रसाईंलाई गत सोमबार वीरगंजस्थित सिद्धार्थ दियालो होटलबाट प्रहरीले नियन्त्रणमा लिएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालय पर्साले जिल्ला अदालत पर्साबाट विद्युतीय कारोबार ऐन तथा राज्यविरुद्धको कसुरसम्बन्धी मुद्दामा तीन दिनको म्याद अनुमति लिएको थियो।

## एमालेको इन्ट्रिपछि जसपा नेपाल र जनमतका मन्त्री बर्खास्त हुने

मधेश प्रदेश सरकारको नयाँ राजनीतिक समीकरण बनेसँगै जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) र जनमत पार्टीका मन्त्रीहरूलाई बर्खास्त गर्ने तयारी गरिएको छ।

नेपाली कांग्रेसका नेता कृष्ण प्रसाद यादव नेतृत्वको सरकारमा नेकपा एमाले सहभागी हुने भएपछि प्रदेश सरकारको समीकरण फेरिएको हो। एमालेबाट मोहम्मद समिरलाई विना विभागीय मन्त्रीका रूपमा शपथ गराउने तयारी गरिएको स्रोतले जनाएको छ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाको सहभागितामा नयाँ सरकार गठनको गृहकार्य अन्तिम चरणमा पुगेको बताइएको छ।

विश्वस्त स्रोतका अनुसार जसपा नेपालबाट सरकारमा रहेका भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्ता, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री मनिष कुमार सुमन, श्रम तथा यातायात मन्त्री तथा शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा लाई पनि बर्खास्त गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठनको तयारी गरिएको छ।

त्यस्तै, जनमत पार्टीबाट विद्रोह गरी सरकारमा सहभागी भएका अर्थमन्त्री महेश प्रसाद यादव र युवा तथा खेलकुद मन्त्री बसन्त कुश्वाहालाई पनि मुख्यमन्त्री यादवले पदमुक्त गर्ने तयारी गरेका छन्। नयाँ मन्त्रीहरूको नामसहित मन्त्रिपरिषद् पुनर्गठनसम्बन्धी पत्र मधेश प्रदेश प्रमुखको कार्यालयमा पठाइसकिएको स्रोतले जनाएको छ।

# मधेशको आर्थिक वृद्धि एक दशमलव ३१ प्रतिशतमा सीमित हुने



**जनकपुधाम ।**
मधेश कृषि क्षेत्रमा नकारात्मक प्रभाव पारेका कारणले धान, मत्स्य तथा वन क्षेत्रले दिने योगदान तुनात्मक रूपमा कम भएका कारणले चालु आर्थिक वर्षमा आर्थिक वृद्धि दर कमजोर रहने जनाइएको छ ।
राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय धनुषाले बुधबार सार्वजनिक गरिएको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमानसम्बन्धी समष्टिगत आर्थिक सूचकमा त्यस्तो जनाइएको हो ।
यस पटक पर्याप्त मात्रामा पानी नपरेका कारणले धान तथा मत्स्य उत्पादनमा नकारात्मक प्रभाव पारेकाले विगत तीन वर्षयताकै सबैभन्दा कम आर्थिक वृद्धिदर हासिल हुने तथ्याङ्क अधिकृत नरबहादुर कुँवरले जानकारी दिए । आर्थिक वर्ष २०८०/८१ मा भने मधेसमा तीन दशमलव १८ प्रतिशत र आर्थिक वर्ष २०८१/८२ मा दुई दशमलव ७२ प्रतिशत आर्थिक वृद्धि रहेको थियो । लगातार दुई वर्षयता मधेसको कृषि उत्पादनमा नकारात्मक प्रभाव पारेका कारणले आर्थिक वृद्धि दर खस्कँदै गएको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनमा मधेस प्रदेशको योगदान १३ दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।
तथ्याङ्क सार्वजनिकीकरण कार्यक्रममा प्रदेशका नीति तथा योजना आयोगका सदस्य राजकिशोर सिंहले मधेस प्रदेशमा कृषिको योगदान घट्दा यो समस्या आएको बताए । आगामी बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र सामाजिक विकासलाई प्राथमिकतामा राख्ने बताए ।रासस

# विद्यार्थीको टाउकोमा पंखा बज्रियो, छानबिन समिति गठन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज चिनीमिलस्थित सिद्धार्थ माविमा सिलिङ पंखा चुँडिएर लाग्दा दुई विद्यार्थी घाइते भएका छन्। बिहीबार बिहान ६:३० बजे कक्षा ७ मा एउटा सिलिङ पंखा चुँडिएर दुई विद्यार्थी घाइते भएका हुन्। घाइते हुनेमा वर्ष १३ का अमन कुरमार पण्डित र वर्ष १३ कै आर्यन पटेल छन्।
पहिलो घण्टीका शिक्षकले कक्षामा पढाइरहेका बेला, चलिरहेको पंखा अकस्मात चुँडिएर विद्यार्थीहरूमाथि खसेका थियो । यसरी खस्दा पंखाको तीन वटा पाताले तीन तर्फका विद्यार्थीलाई लागेको थियो भने पंखाको कोयल रहेको भाग तीनै विद्यार्थीको बीचमा डेस्कमाथि खसेको कक्षा सातका विद्यार्थीहरूले बताए।
पंखाको पाताले लागेर घाइते छात्र दुईमध्ये अमनको दायाँ आँखामा चोट लागेको छ। उनीहरू दुवैको नारायणी अस्पतालमा उपचार भइरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। घाइते विद्यार्थीलाई तुरुन्तै उद्धार गरी अस्पताल पु¥याएको विद्यालयले जनाएको छ । पंखा चुँडिनेसम्म अवस्थामा मर्मतसम्भार नहुनुको कारणबारे छानबिन हुनु पर्ने र दोषीमाथि कारबाही हुनु पर्ने विद्यालयका अभिभावकहरूको माग छ।

**छानबिन समिति गठन**
सिद्धार्थ मावि चिनीमिलमा पंखा खसेर विद्यार्थी घाइते भएको घटनामा वीरगंज महानगरपालिकाले सत्यतथ्य छानबिनका लागि दुई सदस्यीय समिति गठन गरेको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाद्वारा जारी सूचनाअनुसार ४८ घण्टाभित्र प्रतिवेदन पेश गर्ने गरी समिति गठन गरिएको हो।
समितिमा अधिकृत छैटौं राजेश गिरी र अधिकृत छैटौं शम्भु प्रसाद सदस्य छन् । शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेद्वारा जारी सूचनामा घटनाको अध्ययन, अनुसन्धान तथा सुझावसहित प्रतिवेदन पेश गरिने उल्लेख गरिएको छ।

# आर्थिक सुधारदेखि खर्च कटौतीसम्मका विषयमा पूर्वअर्थमन्त्रीहरुको जोड

**काठमाडौँ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आठ पूर्वअर्थमन्त्रीसँग भेट गरी आगामी बजेटमा समावेश गर्नुपर्ने विषयवस्तुबारे सुझाव लिएका छन्।
आगामी आर्थिक वर्षको बजेट निर्माण अन्तिम चरणमा रहेको उल्लेख गर्दै अर्थमन्त्री डा. वाग्लेले पूर्वअर्थमन्त्री तथा अर्थविद्हरूसँग सुझाव मागेका हुन्। भेटका क्रममा मन्त्री डा. वाग्लेले सुशासनको जगमा टेकेर आमनेपालीको जीवनस्तर बृहत्तर बनाउने बजेट ल्याउन तयारी भएको जानकारी दिए । आगामी आवको बजेट निर्माणमा पूर्वअर्थमन्त्रीसँग सुझाव लिने क्रममा विगतका अनुभव र सकारात्मक अभ्यासलाई अनुशरण गर्दै नयाँ परिस्थितिमा बजेट निर्माण गरिने उनले बताए।
अर्थमन्त्री डा. वाग्लेले देश र जनताको हितका लागि सबैले आआफ्नो समयअनुसार अर्थ मन्त्रालयको नेतृत्व गरेको उल्लेख गर्दै परिस्थिति अनुकूल वा प्रतिकूल भए पनि उद्देश्य समान रहेको बताए । उनले विगतका उपलब्धि र कमजोरी समीक्षा गर्दै सकारात्मक अभ्यासलाई निरन्तरता दिइने धारणा राखे।
उनले भने, 'हामी तपाईंहरूले गर्नुभएको राम्रो कामको अनुशरण गर्दै अघि बढ्छौँ। हाम्रा अग्रजले देखाएको बाटोमै हिँड्ने हो। यही व्यवस्था र यही राजनीतिक उपलब्धिबाट समृद्धि हासिल गर्ने हो ।' छलफलमा सहभागी पूर्वअर्थमन्त्रीहरुले आगामी बजेटका लागि आर्थिक सुधार, राजस्वको यथार्थ लक्ष्य, खर्च कटौती, निजी क्षेत्रको मनोबल वृद्धि तथा उत्पादनमुखी क्षेत्रमा लगानी बढाउन सुझाव दिएका छन् । पूर्वअर्थसचिव रामेश्वर खनालले उच्चस्तरीय आर्थिक सुधार कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न आग्रह गर्दै तयारीविहीन र टुक्रे आयोजनामा बजेट नछर्न सुझाव दिए । उनले विद्युत् क्षेत्रमा मूल्य अभिवृद्धि कर नलगाउन आग्रह गरे।
पूर्वअर्थमन्त्री शङ्कर कोइरालाले पुराना आर्थिक प्रतिवेदनको अध्ययन गरी नीतिनिर्माण गर्नुपर्ने धारणा राख्दै विद्युत् व्यापारमा निजी क्षेत्रलाई खुला गर्न, औद्योगिक क्षेत्र विस्तार गर्न तथा हेजिङ नीति अघि बढाउन सुझाव दिए । पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले अत्यधिक महत्वाकाङ्क्षी राजस्व लक्ष्य नराख्न सुझाव दिँदै राजस्व वृद्धिदर १० देखि १२ प्रतिशतको सीमाभित्र राख्नुपर्ने बताए । उनले करिब २० खर्ब रुपैयाँको बजेट ल्याउन तथा वित्तीय क्षेत्र सुधार र निजी क्षेत्रको मनोबल बढाउनुपर्ने धारणा व्यक्त गरे । उनले राष्ट्रिय गौरवका आयोजनामा देखिएको अव्यवस्थित प्रवृत्ति अन्त्य गर्नुपर्ने, कृषिमा अनुदानलाई प्रभावकारी बनाउनुपर्ने तथा वित्तीय क्षेत्र सुधारमा नेपाल राष्ट्र बैंकसँग समन्वय आवश्यक रहेको बताए।
पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले सरकार र निजी क्षेत्रबीच सहकार्य बढाउनुपर्नेमा जोड दिँदै साना, मझौला तथा ठूला उद्योगलाई समान रूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको बताए। उनले कृषिउपजको भारतीय बजार खोज्न आर्थिक संवाद आवश्यक रहेको धारणा राखे।
पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले ठूला आयोजनाको संख्या घटाएर सीमित राष्ट्रिय गौरवका आयोजनामा केन्द्रित हुन सुझाव दिए । उनले भूमि प्रयोगसम्बन्धी कानून सुधार आवश्यक रहेको उल्लेख गर्दै पर्यटन क्षेत्रको विकासमा विशेष योजना ल्याउनुपर्ने बताए।
पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले सामाजिक सुरक्षा भत्तालाई लक्षित वर्गमा सीमित गर्नुपर्ने र सरकारी उद्योग तथा सम्पत्तिलाई 'लिज' मोडलमा सञ्चालन गर्न सकिने धारणा व्यक्त गरे । उनले वैदेशिक ऋण घटाउन र ठूला ठेक्कामा हुने सम्भावित मिलेमतो रोक्नुपर्ने सुझाव दिए ।पूर्वअर्थमन्त्री वर्षमान पुनले विगतका पूर्वाधार निर्माणको प्रतिफल कमजोर देखिएको उल्लेख गर्दै पर्यटन पूर्वाधारमा लगानी बढाउनुपर्ने धारणा राखे। उनले भारतीय मध्यम वर्गलाई आकर्षित गर्न 'हिल स्टेशन' तथा विवाह गन्तव्य विकास गर्नुपर्ने सुझाव दिए।
पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले खर्चको वास्तविक आँकलनका आधारमा बजेट निर्माण गर्नुपर्ने बताउँदै खानी तथा प्राकृतिक स्रोतको उपयोगका विषयमा साहसी निर्णय आवश्यक रहेको धारणा व्यक्त गरे । उनले बूढीगण्डकीजस्ता ठूला परियोजनालाई कार्यान्वयनमा लैजानुपर्ने सुझाव दिए।
पूर्वअर्थमन्त्री जनार्दन शर्माले बजेटलाई राजनीतिक प्रतिबद्धता कार्यान्वयन गर्ने दस्तावेजका रूपमा व्याख्या गर्दै सरकारी खर्च कटौती आवश्यक रहेको बताए । उनले खानी उत्खनन, औषधि उद्योग, रासायनिक मल उद्योग तथा सीपयुक्त जनशक्ति उत्पादनमा लगानी बढाउनुपर्ने धारणा राखे।
छलफलमा सहभागी अधिकांश पूर्वअर्थमन्त्रीले आर्थिक सुधारलाई गति दिन, निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न, खर्च नियन्त्रण गर्न तथा उत्पादनमुखी क्षेत्रमा लगानी बढाउनुपर्नेमा साझा धारणा व्यक्त गरेका थिए।

# प्रमोद सिन्हाको ह्वाट्सएप खाता ह्याक

**मधेशदृष्टि**
**रक्सौल।**
भारतको सीमावर्ती शहर रक्सौल काविधायक तथा सहकारा सुधार समितिका सदस्य प्रमोद कुमार सिन्हाको ह्वाट्सएप खाता ह्याक भएको घटना सार्वजनिक भएको छ । घटनापछि साइबर ठगीको आशंका बढ्दै गएको भन्दै प्रहरी र साइबर अपराधसम्बन्धी निकायलाई जानकारी गराइएको छ । प्राप्त जानकारीअनुसार ह्याकरहरूले विधायक सिन्हाको आधिकारिक मोबाइल नम्बरमा पहुँच बनाएर उनका परिचित, समर्थक तथा पार्टी कार्यकर्तालाई सन्देश पठाउन थालेका थिए। ती सन्देशमार्फत आकस्मिक आवश्यकता देखाउँदै आर्थिक सहयोग तथा अनलाइन कारोबार गर्न आग्रह गरिएको बताइएको छ।
केही व्यक्तिलाई शंकास्पद लिंक र क्यूआर कोडसमेत पठाइएको जानकारी प्राप्त भएको छ। सन्देश प्रत्यक्ष रूपमा विधायकको नम्बरबाट आएको देखिएपछि प्रारम्भिक चरणमा सर्वसाधारण र समर्थकबीच अन्योलता उत्पन्न भएको थियो।
घटनाको गम्भीरता बुझ्दै विधायक कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सतर्क रहन आग्रह गरेको छ।

# लागु पदार्थसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिराहा प्रहरीले २६ ग्राम प्रतिबन्धित लागूपदार्थसहित ३ जनालाई पक्राउ गरेको छ।
सिराहा–चोहर्वा सहायक सडक अन्तर्गत विष्णुपुर गाउँपालिका १ बाट जिल्लाकै औरही गाउँपालिका ४ का ३२ वर्षीय रामउदगार यादव, सिराहा नगरपालिका २२ का ३६ वर्षीय राम बिलेक्षण यादव र भारत विहारको मधुवनी ग्राम पञ्चायत खाजेडी ५ का २१ वर्षीय चन्दन कामतीलाई प्रहरीले पक्राउ गरेको हो।
विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्यूरो गोलबजार र इलाका प्रहरी कार्यालय विष्णुपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सिराहाबाट काठमाडौँ जाँदै गरेको बा.प्र.०३–००१ ख ३५३७ नम्बरको यात्रुवाहक बस चेकजाँच गर्दा यात्रु रामउदगार यादवको साथबाट उक्त लागुऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए।
उनीहरूको साथबाट एक थान डिजीटल तराजुसमेत फेला परेको प्रहरीले जनाएको छ । उनीहरूलाई जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको सूचना अधिकारी, डीएसपी पालले जनाएको छ।

# पत्रकारलाई धम्की दिएको आरोपमा चिकित्सक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा एक पत्रकारलाई धम्की दिएको आरोपमा प्रहरीले एक जना चिकित्सकलाई पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति मलंगवा नगरपालिका–१० मा सञ्चालित स्तुती सौम्य हेल्थ केयरका सञ्चालक डा. गुणेश्वर झा हुन्।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार एभिन्युज टेलिभिजनमा कार्यरत पत्रकार बख्तियार अलीलाई समाचार प्रकाशनको विषयलाई लिएर पटक–पटक धम्की दिएको आरोपमा उनलाई नियन्त्रणमा लिइएको हो। पत्रकार अलीले गत फागुन ५ गते स्तुती सौम्य हेल्थ केयरमा उपचारका क्रममा विष्णु गाउँपालिका–६ का तीन महिनाका शिशु अभि बैठाको मृत्यु भएको घटनाबारे समाचार तयार गरेका थिए।
उक्त समाचार सार्वजनिक भएपछि डा. झाले समाचार हटाउन दबाब दिएको, फोन तथा सामाजिक सञ्जालमार्फत गालीगलौज र धम्की दिएको आरोप लगाइएको छ । घटनापछि पत्रकार अलीले नेपाल पत्रकार महासंघमा जानकारी गराएका थिए।

# विनयतारा क्यान्सर अस्पतालको ईआईए प्रतिवेदन स्वीकृत

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको जनकपुरमा निर्माण हुन लागेको २०० शय्याको विनयतारा क्यान्सर अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) प्रतिवेदन स्वीकृत भएको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण तथा जैविक विविधता महाशाखाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई पत्राचार गर्दै ईआईए प्रतिवेदन स्वीकृत गरिएको जानकारी दिएको हो । धनुषाको जनकपुर उपमहानगरपालिका–२५ मा निर्माण तथा सञ्चालन हुने प्रस्तावित अस्पतालको ईआईए प्रतिवेदन स्वीकृत भएसँगै अब निर्माण प्रक्रिया अघि बढ्ने भएको छ।
विनयताराका संस्थापक डा. विनय शाहले सरकारी स्तरबाट वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति प्राप्त हुनु परियोजनाका लागि महत्वपूर्ण उपलब्धि भएको बताएका छन्।


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

**बिरगंज १५,पर्सा**

**कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना**

**प्रकाशित मिति :- २०८३/०२/०७ पहिलो पटक**

टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८३/०२/०७ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना पहिलो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जेजस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : भागमणि देवी<br>पति : ध्रुव प्रसाद राय<br>बुवा : रामवरण यादव<br>ससुरा : तोखी राय<br>कर्जा शिर्षक :व्यपार कर्जा | श्री तोखी राय को बुहारी ध्रुव प्रसाद राय को श्रीमती भागमणि देवी पर्सा जिल्ला बहुअरी पिडरी वडा न. ४ बस्ने ना.प्रा.न २९८२ मिति २०५७/९/२६ पर्सा वर्ष ५८ को भागमणि देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ४ स्थितको किता नं. ३५७,३८८,५४७ को जग्गाको क्षेत्रफल ०-०-१०,०-२-५,०-०-१८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : कलिता खातुन<br>पति : सराजुल मिया धोबी<br>बुवा : सरिफ मिया धोबी<br>ससुरा :जुमन मिया धोबी<br>कर्जा शिर्षक :व्यपार कर्जा | श्री जुमन मिया धोबी को बुहारी सराजुल मिया धोबी को श्रीमती कलिता खातुन पर्सा जिल्ला शंकरसरैया वडा न. ४ बस्ने ना.प्रा.न३४३०४४/२०६ मिति २०६३/१२/२० पर्सा वर्ष ४५ को कलिता खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ स्थितको किता नं. ९७ को जग्गाको क्षेत्रफल २५०.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : बुधुवा कुमारी तत्वा<br>पति : नगिना दास तत्वा<br>बुवा : गुमाणी दास तत्वा<br>ससुरा : वृक्षा दास तत्वा<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री वृक्षा दास तत्वा को बुहारी नगिना दास तत्वा को श्रीमति बुधुवा कुमारी तत्वा पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०७ बस्ने ना.प्रा.न ८५१/०४४९१६७९ मिति २०४५/०२/१७ पर्सा बर्ष ५४ को बुधुवा कुमारी तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना र सखुवा प्रसौनी वडा नं. ७ र ४ स्थितको किता नं.४५,६५,६७ र २३ को जग्गाको क्षेत्रफल ३३८.६३,२७.९८,८४.६५ र २२६.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : नेकहत प्रविण<br>पति : सौकत अली अंसारी<br>बुवा : बसिर आलम<br>ससुरा : मुसलिम अंसारी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री मुसलिम अंसारी को बुहारी सौकत अली अंसारी को श्रीमति नेकहत प्रविण पर्सा जिल्ला बीरगंज वडा नं. ०२ बस्ने ना.प्रा.न ३४/०१/७२/०६८३८ मिति २०७२/११/२० पर्सा बर्ष ३५ को नेकहत प्रविण को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बीरगंज वडा नं. ०२ स्थितको किता नं.६०१ को जग्गाको क्षेत्रफल १४३.९० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी :कुमारी देवी<br>पति : जगदेव राउत<br>बुवा : रुदल राउत<br>ससुरा : बम राउत<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री बम राउत को बुहारी जगदेव राउत को श्रीमति कुमारी देवी पर्सा जिल्ला मनियारी वडा नं. ८ बस्ने ना.प्रा.न ६०४८०९२४ मिति २०४४/१०/१५ पर्सा बर्ष ८३ को कुमारी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.०७ स्थितको किता नं. २१६ को जग्गाको क्षेत्रफल ०-८-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

# सरकारी विज्ञापन नीतिविरुद्ध पर्सामा पत्रकारहरूको हस्ताक्षर अभियान

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारी खर्च कटौतीको बहानामा सबै तहका सरकारी सूचना तथा विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्यमलाई मात्र दिने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले देशभर दबाबमूलक अभियान थालेको छ । यही अभियानअन्तर्गत पर्सामा पनि सप्ताहव्यापी हस्ताक्षर संकलन सुरु गरिएको छ। नेपाल पत्रकार महासंघ पर्सा शाखाको आयोजनामा वीरगंजस्थित मुर्ली बगैचामा रहेको शाखा कार्यालयमा सुरु गरिएको अभियानमा जिल्लाभरका पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको छ । सहभागीहरूले हस्ताक्षर गर्दै सरकारको निर्णयप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्।



महासंघले सरकारको यस्तो निर्णयले निजी तथा स्वतन्त्र सञ्चारमाध्यमलाई कमजोर बनाउने, प्रेस स्वतन्त्रतामाथि प्रत्यक्ष असर पार्ने तथा सञ्चार क्षेत्रमै विभेदपूर्ण अवस्था सिर्जना गर्ने जनाएको छ। अभियानको पहिलो दिन आयोजित कार्यक्रममा वक्ताहरूले लोकतान्त्रिक व्यवस्थामा स्वतन्त्र प्रेसको भूमिका अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्दै सञ्चारमाध्यमबीच विभेद गर्ने कुनै पनि निर्णय स्वीकार्य नहुने स्पष्ट पारे। उनीहरूले सरकारी विज्ञापन वितरणसम्बन्धी निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन्।

पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि भइरहेको संकुचनविरुद्ध सबै पत्रकार, सञ्चारकर्मी तथा नागरिकलाई हस्ताक्षर अभियानमा सहभागी भई खबरदारी गर्न समेत आह्वान गरेको छ।

नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालको अध्यक्षतामा भएको अभियान उद्घाटन कार्यक्रममा महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, पर्सा शाखाका पूर्वअध्यक्ष अनुप तिवारी, प्रेस सेन्टर मधेश प्रदेश अध्यक्ष निरज पिठाकोटे मगर, समाजवादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भु कुमार सुमन लगायत पत्रकारहरूको उपस्थिति रहेको थियो।

महासंघका अनुसार हस्ताक्षर अभियान केही दिनसम्म निरन्तर सञ्चालन गरिनेछ भने संकलित हस्ताक्षर सरकारसमक्ष बुझाइने कार्यक्रम तय गरिएको छ।

# हरिखेतान क्याम्पस विवाद चर्किँदै, समाधानमा सरकार गम्भीर नभएको आरोप



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरिखेतान बहुमुखी क्याम्पसमा लामो समयदेखि देखिएको समस्या समाधानमा सरकार र जिल्ला प्रशासन उदासीन बनेको भन्दै नेपाल विद्यार्थी संघ (नेवि संघ) का नेता कृष पटेलले कडा असन्तुष्टि जनाएका छन्।

उनले क्याम्पसको वर्तमान अवस्थालाई विद्यार्थीको भविष्यसँग भइरहेको गम्भीर खेलवाडको संज्ञा दिएका छन्।

पटेलद्वारा जारी धारणा अनुसार पर्सा, बारा र रौतहटका हजारौँ विद्यार्थी अध्ययनरत रहेको हरिखेतान बहुमुखी क्याम्पस विगतदेखि सामुदायिक स्वरूपमा सञ्चालन हुँदै आएको थियो । त्रिभुवन विश्वविद्यालयबाट नियमित अनुदान पाइरहेको क्याम्पसलाई केही वर्षअघि निजी मोडलमा सञ्चालन गर्न खोजिएपछि विश्वविद्यालयले अनुदान रोकिएको र त्यसपछि समस्या झन् जटिल बनेको उनले उल्लेख गरेका छन्।

उनले विगतमा क्याम्पस व्यवस्थापन समितिमा प्रमुख जिल्ला अधिकारीसहित समाजका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहने व्यवस्था रहेको स्मरण गराउँदै अहिले सीमित व्यक्तिको नियन्त्रणमा रहेको समितिले विद्यार्थी हितभन्दा शुल्क असुलीलाई प्राथमिकता दिएको आरोप लगाए । गरिब तथा मध्यमवर्गीय परिवारका विद्यार्थीको भविष्य जोखिममा पारिएको उनको भनाइ छ।

पटेलका अनुसार क्याम्पसमा शिक्षक तथा कर्मचारी ३८ दिनदेखि निरन्तर धर्नामा छन्। यसका कारण शैक्षिक गतिविधि प्रभावित बनेका छन् भने दैनिक विवादका कारण क्याम्पसको शान्ति–सुरक्षामा समेत असर परेको उनले बताएका छन्।

उनले जिल्लाबाट निर्वाचित सांसदहरू तथा सरकार समस्या समाधानप्रति गम्भीर नदेखिएको आरोप लगाउँदै विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टीप्रति संकेत गर्दै निर्वाचनअघि गरिएका विकास र परिवर्तनका प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन नसकेको टिप्पणी गरे।

'जनताले दिएको मतको सम्मान हुन सकेको छैन,' उनले धारणा व्यक्त गरेका छन्।

नेवि संघ नेता पटेलले प्रमुख जिल्ला अधिकारीले लामो समयदेखि देखिएको विवाद समाधानमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको आरोप लगाउँदै तत्काल सरुवाको मागसमेत गरेका छन् । साथै क्याम्पसको समस्या समाधानका लागि सरकार, जिल्ला प्रशासन र सम्बन्धित निकायले शीघ्र वार्ता तथा आवश्यक पहल थाल्नुपर्ने माग उनले गरेका छन्।

# माइनुट र संस्थागत कागजात बुझाउन नि.अध्यक्ष तिवारीलाई पत्रकार महासंघ पर्साको पत्र

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्सा शाखाले निर्वतमान अध्यक्ष अनुप तिवारी सँग माइनुटसहितका संस्थागत कागजात तीन दिनभित्र उपलब्ध गराउन औपचारिक आग्रह गरेको छ । शाखाले सदस्यता शुद्धीकरण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन विगतका निर्णय तथा अभिलेख आवश्यक रहेको जनाएको छ । महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल ले तिवारीलाई पठाएको पत्रमा सदस्यता शुद्धीकरणसम्बन्धी काम अघि बढाउन पुराना माइनुट, निर्णय तथा अभिलेख अध्ययन अपरिहार्य रहेको उल्लेख गरिएको छ।



महासंघ पर्साका सचिव विजयकुमार महतो द्वारा हस्ताक्षरित पत्रमा तिवारीकै संयोजकत्वमा गठित सदस्यता शुद्धीकरण संघर्ष समितिले उठाएका मागप्रति शाखाको ध्यानाकर्षण भएको जनाइएको छ। साथै तिवारी नेतृत्वकै कार्यकालमा वितरण गरिएका सदस्यतामाथि समेत शुद्धीकरणको माग उठेकाले त्यसबेलाका प्रक्रिया, निर्णय र आधार यकिन गर्न सम्बन्धित कागजात आवश्यक रहेको उल्लेख गरिएको छ। महासंघका अनुसार तत्कालीन कार्यसमितिले हालसम्म जिल्ला शाखाको माइनुट तथा अन्य संस्थागत अभिलेख वर्तमान कार्यसमितिलाई हस्तान्तरण गरेको छैन।

पत्रमा वर्तमान कार्यसमितिको २०८१ पुस ३ गते बसेको पहिलो बैठकले शाखाका कोषाध्यक्ष तथा तत्कालीन कोषाध्यक्षसमेत रहेका सञ्जीव कुमार मिश्रलाई सम्पूर्ण हरहिसाब तथा चलअचल सम्पत्तिको विवरण ३० दिनभित्र पेश गर्न जिम्मेवारी दिएको स्मरण गराइएको छ । तर ५१८ दिन बितिसक्दा पनि आवश्यक विवरण उपलब्ध नगराइएको महासंघले जनाएको छ।

महासंघले पटकपटक आग्रह गर्दा पनि माइनुटलगायतका आवश्यक कागजात बुझाउन आनाकानी भइरहेको दाबी गर्दै अभिलेख अभावका कारण शाखाको नियमित कार्य सञ्चालनमै समस्या उत्पन्न भएको उल्लेख गरेको छ।

त्यसैले सदस्यता शुद्धीकरण प्रक्रियालाई निष्पक्ष र प्रभावकारी रूपमा अघि बढाउन विगतका सम्पूर्ण संस्थागत निर्णय तथा अभिलेख अध्ययन आवश्यक रहेकाले सम्बन्धित कागजात तीन दिनभित्र शाखा कार्यालयमा बुझाउन आग्रह गरिएको छ । अन्यथा शाखा नियमअनुसार अगाडि बढ्ने चेतावनीसमेत पत्रमा समावेश गरिएको छ।

उक्त पत्रको बोधार्थ नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय काठमाडौं र नेपाल पत्रकार महासंघ मधेश प्रदेश कार्यालय धनुषामा समेत पठाइएको महासंघले जनाएको छ । यसअघि सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता वितरणको माग गर्दै निर्वतमान अध्यक्ष अनुप तिवारीको संयोजकत्वमा गठित संघर्ष समितिले महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाललाई ज्ञापनपत्र बुझाएको थियो।

# शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ठाराब क्याम्पस र आईआईटीएमबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज स्थित ठाकुरराम बहुमुखी क्याम्पस र भारतको इन्स्टिच्युट अफ इन्फर्मेशन टेक्नोलोजी एन्ड म्यानेजमेन्ट (आईआईटीएम) बिच समझदारी पत्र (एमओयू) मा हस्ताक्षर भएको छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको ठाकुरराम बहुमुखी क्याम्पस तथा गुरु गोविन्द सिंह इन्द्र प्रस्थ विश्वविद्यालय भारत अन्तर्गतको आईआईटीएमबीच भएको उक्त सम्झौताले सूचना प्रविधि र व्यवस्थापन शिक्षामा अन्तर्राष्ट्रिय सहकार्यलाई थप मजबुत बनाउने बताइएको छ।

प्रा. डा. स्वयम्भू शलभको संयोजकत्वमा सम्पन्न कार्यक्रममा आईआईटीएमका तर्फबाट संस्थाकी निर्देशक प्रा. डा. रचिता राणाले तथा ठाकुरराम बहुमुखी क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख डा. केशव प्रसाद यादव, सूचना प्रविधि संकायका निर्देशक उपप्राध्यापक सञ्जय कुमार दास र व्यवस्थापन संकायका निर्देशक उपप्राध्यापक जितेन्द्र कुमार सिंहले एमओयूमा हस्ताक्षर गरेका थिए।

कार्यक्रममा क्याम्पस प्रमुख डा. यादवले उक्त अन्तर्राष्ट्रिय सम्झौता क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै विश्व स्तरीय मानकअनुसार शिक्षा प्रणाली विकास गर्ने दिशामा महत्वपूर्ण कदम भएको बताए।

# सवारीको नम्बर प्लेट दुरुस्त र स्पष्ट बनाउन ट्राफिक प्रहरीको एकहप्ते अभियान

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बारा तथा मातहत जिल्ला ट्राफिक प्रहरी कार्यालयहरूले सवारी साधनका नम्बर प्लेट दुरुस्त र स्पष्ट बनाउन एक हप्ते विशेष अभियान सञ्चालन गरेका छन्।

सवारी दुर्घटना न्यूनीकरण गर्ने तथा सवारी साधनको सहज पहिचान सुनिश्चित गर्ने उद्देश्यसहित अभियान सुरु गरिएको हो। अभियान अन्तर्गत विभिन्न स्थानमा विशेष चेकजाँच गरिएको ट्राफिक प्रहरीले जनाएको छ। चेकजाँचका क्रममा नम्बर प्लेट नराखिएका, मेटिएका वा स्पष्ट रूपमा नदेखिने नम्बर प्लेट भएका दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधनलाई नियन्त्रणमा लिई नम्बर प्लेट स्पष्ट रूपमा राख्न/लेख्न निर्देशन दिइएको छ।

ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका अनुसार अस्पष्ट नम्बर प्लेटका कारण दुर्घटना वा आपराधिक घटनामा संलग्न सवारी साधनको पहिचानमा समस्या हुने भएकाले अभियानलाई प्राथमिकताका साथ अघि बढाइएको हो।

कार्यालयले सबै सवारी चालकलाई आफ्ना सवारी साधनमा अनिवार्य रूपमा स्पष्ट नम्बर प्लेट राख्न, ट्राफिक नियम पालना गर्न र सुरक्षित यात्रामा सहयोग पुऱ्याउन अनुरोध गरेको छ।

# लाइटर उद्योगमा आगलागी करिब २ करोड बराबरको क्षति

**मधेशदृष्टि**
**कलैया।**
बाराको प्रसौनी गाउँपालिकास्थित एक लाइटर उत्पादन गर्ने फैक्ट्रीमा आगलागी हुँदा करिब २ करोड रुपैयाँ बराबरको क्षति भएको छ।

प्रसौनी–४ स्थित पशुपति लाइटर फैक्ट्रीमा गएराति लाइटर भर्ने प्लान्टबाट ट्रलीमार्फत सामग्री सार्ने क्रममा ट्रली लडेर आगलागी भएको बताइएको छ।

आगलागीका कारण प्लान्टमा ठूलो क्षति पुगेको र प्रारम्भिक अनुमानअनुसार करिब २ करोड रुपैयाँ बराबरको नोक्सानी भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र इलाका प्रहरी कार्यालय प्रसौनीले जनाएको छ।

घटनापछि प्रहरी, फैक्ट्रीका कामदार तथा स्थानीय तहको वारुण यन्त्रको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । आगलागीबाट कुनै मानवीय क्षति भने नभएको प्रहरीले पुष्टि गरेको छ।

# मधेशमा कुपोषणको अवस्था बढ्दै



**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान'को प्रारम्भिक प्रतिवेदनले मधेश प्रदेशका बालबालिकामा कुपोषणको अवस्था विगतभन्दा बढेको देखाएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा विभाग, पोषण शाखाका प्रमुख लिलाविक्रम थापाका अनुसार यस पटक मधेश लगायत कर्णाली र सुदुर पश्चिम प्रदेशमा कडा र शिघ्र कुपोषण देखिएको छ।

कडा शीघ्र कुपोषण भएका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' उपलब्ध गराइने र त्यसबाट सुधार नभएमा देशभर रहेका २५ वटा पुनः स्थापना केन्द्रमा आमा र बच्चालाई राखेर नियमित उपचार तथा पोषणयुक्त खाना खुवाइने व्यवस्था गरिएको शाखा प्रमुख थापाले जानकारी दिए । समग्रमा मुलुकका चार प्रतिशत बालबालिकामा कडा शीघ्र कुपोषण भेटिएको छ । यसअघि यो दर एक प्रतिशतमात्रै थियो । यस पटक देशभर नै अभियान सञ्चालन गरिएकाले पहिलेभन्दा बढी संख्यामा कुपोषित बालबालिका पहिचान भएका थापाको भनाई छ।

# अन्तर्राष्ट्रिय मानव संसाधन दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
मानव संसाधन समाज नेपाल मधेश च्याप्टरले वीरगंजमा 'अन्तर्राष्ट्रिय मानव संसाधन दिवस २०२६' विशेष कार्यक्रमसहित भव्य रूपमा मनाएको छ । वीरगंज उद्योग वाणिज्य संघ (बीआईसीसीआई) सँगको सहकार्यमा आयोजित कार्यक्रममा 'परिवर्तनको नेतृत्व गर्न मानिसलाई सशक्त बनाऔँ' भन्ने नारासहित ज्ञान आदान–प्रदान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको हो।




कार्यक्रममा नेतृत्व विकास, कर्मचारी सशक्तीकरण तथा मानव संसाधन व्यवस्थापनको रणनीतिक भूमिकाबारे विशेष प्रस्तुति तथा छलफल गरिएको थियो । सहभागीहरूले संस्थागत विकास र कार्यक्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन मानव संसाधन व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण रहेको धारणा राखेका थिए।

कार्यक्रमको उद्घाटन हरिप्रसाद गौतम ले गरेका थिए। कार्यक्रममा डाबर नेपालका फ्याक्ट्री प्रमुख (मानव संसाधन) आशुतोष यादवले प्रमुख वक्ताका रूपमा नेतृत्व विकास र कर्मचारी व्यवस्थापनसम्बन्धी विशेष प्रस्तुति दिएका थिए। मानव संसाधन समाज नेपालका बोर्ड सदस्य तथा मधेश प्रदेश अध्यक्ष अनिल जयसवाल को सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न कम्पनीमा मानव संसाधन क्षेत्रमा कार्यरत ३५ जनाको सहभागिता रहेको थियो।

सहभागीहरूले यस्ता ज्ञानमूलक कार्यक्रमले नेतृत्व क्षमता अभिवृद्धि गर्नुका साथै कार्यस्थलमा सकारात्मक सोच र प्रभावकारी व्यवस्थापन विकास गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए।

# बरैनिया बजार सडक विस्तार कार्य सुरु

**मधेशदृष्टि**
**कलैया।**
बाराको विश्रामपुर गाउँपालिका–२ अन्तर्गत पर्ने बरैनिया बजारको उत्तरतर्फ जाने सडक विस्तार कार्य सुरु गरिएको छ । सडकलाई ३० फिट चौडा बनाउने योजनाअन्तर्गत सडक क्षेत्रभित्र परेका घर तथा टहरा डोजर प्रयोग गरी हटाइएको छ।

प्रदेश सरकारको सशस्त्र अनुदानमार्फत २५ लाख रुपैयाँको लगानी तथा गाउँपालिकाको सहकार्यमा सडक निर्माण कार्य अघि बढाइएको जनाइएको छ । सडक विस्तार कार्यका क्रममा गाउँपालिका अध्यक्ष जुल्फकार अली भुट्टो, वडा नम्बर २ का अध्यक्ष मनोज यादव, वडा नम्बर १ का अध्यक्ष सन्तोष पटेल तथा उपमेयरका पति कृष्ण प्रसाद शाहको उपस्थिति रहेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय गण्डकबाट प्रहरी टोली परिचालन गरिएको थियो।

# अदालतबाट सजाय तोकिएका फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले चोरी मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको फैसला कार्यान्वयन टोलीले मंगलबार राति वीरगंज महानगरपालिका–१४ पिपरा टोलबाट फरार प्रतिवादी २७ वर्षीय रोशन पटेललाई पक्राउ गरेको हो। पक्राउ परेका पटेलमाथि चोरी मुद्दामा पर्सा जिल्ला अदालतले ४ महिना कैद तथा २० हजार रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो। प्रहरीले लुकिछिपी बस्दै आएका पटेललाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि पर्सा जिल्ला अदालतमा बुझाइएको जनाएको छ।

## सम्पादकीय

# मधेशको सत्ता समीकरण र जसपा नेपालको पुनरोदयको चुनौती

मधेश प्रदेशको राजनीतिमा फेरि एउटा नयाँ मोड देखा परेको छ । राजनीतिक उतारचढावका बीच जनता समाजवादी पार्टी (जसपा) नेपाल पुनः मधेश सरकारमा सहभागी हुने निश्चित भएको छ। पहिलोपटक प्रदेश सत्ताको नेतृत्व सम्हाल्ने अवसर पाएको जनमत पार्टीले अपेक्षाकृत स्थिरता दिन नसक्दा र प्रदेश सरकारलाई केवल राजनीतिक 'प्रयोगस्थल' बनाएको आरोप लागिरहँदा जसपा नेपालको सत्तारोहणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । मधेशमा बलियो पकड राख्ने प्रमुख दलहरू नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपासमेत जसपा नेपाललाई सत्तामा सहभागी गराउन सहमत देखिनुले सत्ता टिकाउने र समीकरणलाई सन्तुलित राख्ने रणनीतिक दाउपेचलाई प्रस्ट पार्छ।

यसपटक जसपा नेपालले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग मिलेर संसदीय दलको नेता चयन गर्न सफल हुनुलाई उसको आन्तरिक व्यवस्थापनको सकारात्मक सुरुवात मान्न सकिन्छ । विभाजन र फुटको श्रृंखलाबाट गुज्रिएको जसपाका लागि यो एकता र नेतृत्व चयन एउटा ठूलो राहत हो । मधेश आन्दोलनको विरासत बोकेका शक्तिहरू एकापसमा मिल्नुले क्षेत्रीय राजनीतिमा एउटा बलियो सन्देश त दिएको छ, तर दलभित्र र बाहिरका असन्तुष्टिहरू अझै पूर्ण रूपमा मेटिन सकेका छैनन् । भागबन्डा, पदको महत्वाकांक्षा र नीतिगत मतभेदका कारण गुम्सिएका असन्तुष्टिलाई बेलैमा सम्बोधन नगरे यो सहमति बालुवाको जगमा ठड्याइएको घर जस्तै ढल्न सक्ने खतरा सधैं रहिरहन्छ । सबैभन्दा पेचिलो प्रश्न यो छ कि, के जसपा नेपाल फेरि मधेशमा पहिलेकै जस्तो शक्तिशाली शक्तिका रूपमा उदाउन सक्ला ? विगतमा मधेशको निर्विकल्प शक्ति जस्तै बनेको यो दल पछिल्ला निर्वाचनहरूमा जनमत पार्टी र अन्य राष्ट्रिय दलहरूको तीव्र उदयका कारण रक्षात्मक अवस्थामा पुगेको थियो । नागरिकमा प्रादेशिक संरचनाप्रति बढ्दो नैराश्यता र पुराना दलहरूको कार्यशैलीप्रति रहेको तीव्र असन्तोषका बीच जसपा नेपालले आफूलाई 'मधेशको सच्चा पहरेदार' प्रमाणित गर्नुपर्ने चुनौती छ । विगतका गल्तीहरूबाट पाठ सिक्दै गुमेको साख फिर्ता लिन उसलाई अब गफ र आश्वासन मात्र होइन, ठोस राजनीतिक र सामाजिक एजेन्डाको आवश्यकता पर्नेछ।

मधेशमा पुनः उदाउनका लागि जसपा नेपालका लागि सत्ता केवल पद र प्रतिष्ठाको विषय बन्नु हुँदैन, बरु यो जनताको मन जित्ने अन्तिम अवसर हुनुपर्छ । जनमत पार्टीले सत्तामा रहँदा सिर्जना गरेको अन्योल र सुशासनको अभावलाई चिर्दै जसपा नेपालले डेलिभरी (कार्यसम्पादन) मा जोड दिनु आवश्यक छ । मधेशका मुख्य समस्याका रूपमा रहेका गरिबी, बेरोजगारी, कृषि संकट र भ्रष्टाचार जस्ता मुद्दाहरूमा केन्द्रित भई सुशासनको प्रत्याभूति दिलाउन सके मात्रै जनताले उसलाई पुनः विश्वास गर्नेछन् । प्रादेशिक अधिकारको वकालत गर्ने दलले सरकारमा बसेर जनताको दैनिक जीवनमा परिवर्तन ल्याउन सकेन भने प्रादेशिक पहिचानको राजनीति क्रमशः कमजोर हुँदै जाने निश्चित छ।

अन्ततः जसपा नेपालको राजनीतिक भविष्य उसले अब चाल्ने कदम र देखाउने परिपक्वतामा निर्भर गर्दछ । लोसपासँगको कार्यगत एकता र संसदीय दलको नेता चयनले केही ऊर्जा थपे पनि आन्तरिक असन्तुष्टिको सही व्यवस्थापन र गठबन्धनका अन्य दलहरूसँगको सन्तुलित सहकार्य नै उसको सफलताको कडी हुनेछ । मधेशको माटोले सधैँ क्रान्तिकारी र रूपान्तरणकारी नेतृत्वको माग गर्दछ । जसपा नेपालले सत्तालाई राजनीतिक स्वार्थको अखडा बनाउनुको साटो मधेशी जनताको हकअधिकार र समृद्धिको माध्यम बनाउन सक्यो भने मात्र मधेशको राजनीतिमा उसको पुनरोदय सम्भव छ, अन्यथा यो सहभागिता केवल सत्ताको गणित मिलाउने खेलमा मात्र सीमित हुनेछ।

# हन्टा भाइरस सङ्क्रमण र विपद्को जोखिम



–डा प्रकाश बुढाथोकी

नेदरल्याण्डअर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए।

उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्टे«न फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित सङ्क्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो । जहाजबाट बीचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरुको सम्पर्कमा आएकालाई कन्टयाक्ट ट्रेसिङ खोजी कार्य आज पनि जारी छ । यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन् । विश्व स्वास्थ्य सङ्गठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीर रुपमा स्टेज चारमा लिदै अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ।

विश्व स्वास्थ्य सङ्गठनले आधिकारिकरुपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिङ्गापुर र टर्कीलगायत १२ देशलाई सर्तक गराएको छ। जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्युु भएको थियो । सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युृपछि सङ्क्रमित भएको पुष्टि भएको थियो । जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए । ती दम्पतीमध्ये श्रीमानकोे जहाजमै मृत्युु भएको थियो भने पछि श्रीमतीको पनि मृत्युृ भयो । जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक सङ्क्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्काे पुष्टि भएपछि मात्र हान्टा भाइरस भएको पुष्टि भएको हो । जहाजमा नभएकी एक महिलामा समेत शङ्कास्पद लक्षणहरु देखिएको छ र उनको परीक्षण गरिएको छ । क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा सङ्क्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आईसोलेसनमा राखिएको छ।

अर्को कोभिड त होइन हान्टा भाइरस ?

हान्टा भाइरस ब्रुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो । अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन्।

सामान्यतया सङ्क्रमित मुसा तथा अन्य रोडेन्टहरूको पिसाब, दिसा वा ¥यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ । यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ । लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा सङ्क्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ। धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन् । सर्ने भेरियन्ट पनि कोभिड–१९ जस्तै तीव्र रूपमा हावाबाट फैलिने प्रकृतिको होइन।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस सङ्क्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केसअर्थात् प्रतिएक लाखमा ०.४ केस मात्र रिपोर्ट भएका थिए। पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौँ केस रिपोर्ट हुने गर्छन् । सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ। अमेरिकामा हान्टा भाइरस सङ्क्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन् । मानिसबाट मानिसमा सङ्क्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८–२०१९ मा भएको प्रकोपमा ३४ जना सङ्क्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो।

के कस्ता लक्षण हुन्छन् ?

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस सङ्क्रमणका जोखिम समूहमा पर्छन्। उनीहरूमा सजिलै सङ्क्रमण हुने, सङ्क्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ । वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेन्टको संख्यामा असर पार्ने भएकाले सङ्क्रमणको संख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ।

हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक सङ्क्रमण नजिक र लामो समयसम्मको मानिस–मानिस सम्पर्कबाट हुन सक्छ । दोस्रो सङ्क्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन सङ्क्रमणको सुरुआती अवस्थामा बढी सङ्क्रामक हुँदा हुने सम्भावना रहन्छ । सङ्क्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ । छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ । यसले सङ्क्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन्। पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा सङ्क्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ।

हान्टा भाइरस सङ्क्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन् । पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ । हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ। भेरियन्टअनुसार लक्षण तथा चिन्ह फरक पर्न सक्छ । हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेन मात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो । यो चिली र अर्जेन्टिनामा समय–समयमा फैलिने गरेको छ।

निदानका उपायहरु के हुन सक्छन् ?

शङ्कास्पद अवस्थाः सङ्क्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शङ्कास्पद वा सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी सङ्क्रमणका शङ्कास्पद लक्षण भएका व्यक्ति।

सम्भावित अवस्थाः शङ्कास्पद अवस्थाका लक्षण तथा चिन्ह भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, सङ्क्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति।

पुष्टि भएको अवस्थाः आरटी–पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी सङ्क्रमण पुष्टि भएको व्यक्ति।

समस्या नदेखिएको अवस्थाः शङ्कास्पद वा सम्भावित भए पनि आरटी–पिसीआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति।

उपचार कसरी हुनसक्छ ?

हान्टा भाइरस सङ्क्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन । सङ्क्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचार मात्र गरिन्छ। अफवाह तथा सामाजिक सञ्जालका भ्रममा परी अनावश्यक आतङ्कित हुने वा गराउने काम गर्नु हुँदैन । सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ।

रोडेन्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ। यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पु¥याउँछ । व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ। घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ।

साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शङ्कास्पद वा सम्भावित सङ्क्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ । रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ । ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।

नेपालको तयारी कस्तो छ ?

नेपालमा हालसम्म हान्टा भाइरस सङ्क्रमण पुष्टि भएको आधिकारिक तथ्याङ्क छैन । तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो । उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए।

एन्डिस भाइरसबाट सङ्क्रमित मुसा नेपालमा नपाइने, हाल सङ्क्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ । नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन । नेपालमा दैनिक ४–५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्याङ्क छन् । एशियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवतजावत उल्लेख्य छ । तर आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै।

नेपालमै हान्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन। परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमा समेत स्पष्ट निर्णय भइसकेको छैन। त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ। रासस

# बढघर हुनु त यस्तो पो ...

राष्ट्रिय समाचार समिति

मध्याह्नको उखरमाउलो गर्मी । तातो हावा चलिरहेको छ । भजनी नगरपालिका–३ पकरियापुरका मानबहादुर चौधरीको अनुहार पटक्कै तातेको देखिँदैन।

सार्वजनिक सुरक्षित आश्रयस्थलको खुला चौरमा भेटिनुभएका ४० वर्षीय चौधरी दोस्रो कार्यकालको बढघर(भलमन्सा)को नेतृत्व गरिरहनुभएको रहेछ । उहाँका अनुसार बढघर अन्तर्गत ६२६ घरधुरी छ । आश्रयस्थलमा राजनीतिक कार्यक्रम जारी रहँदा उहाँलाई सुन्न जान मन लागेनछ। किन जानुभएन ? उहाँले भन्नुभयो, 'के पाउनु छ र ? भाषण सुन्न गएर । ताली बजाएर ? विपद् पर्दा भाषण गर्ने जोगाउन आउँदैनन्। आफँैले आफ्नाका सुरक्षा गर्नुपर्दछ।'

उहाँ सोही समयमा नेपाल रेडक्रस सोसाइटी र भजनी नगरपालिकाको संयुक्त सहकार्यमा सञ्चालन भइरहेको विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह 'प्याकेज'को परीक्षण र कार्यन्वयन तयारीको लागि सञ्चालन भइरहेको कृत्रिम घटना अभ्यासमा जुटिरहनुभएको थियो । विपद्का अवस्थामा तत्काल अस्थायी आवास (सेल्टर) कसरी निर्माण गर्ने र समुदाय सहित नसर्ने रोग लागेका व्यक्तिहरुलाई कसरी सुरक्षित राख्न सकिन्छ भनेर पूर्वाभ्यास गरिहनुभएको थियो। बाँसका टेका लगाएर नेपाल रेडक्रस चिह्न अङ्कित तारपोलियन मिलाउँदै उहाँले भन्नुभयो, 'बाढी र डुबान नआउने समयमा यस्ता अभ्यास गर्दा भोलिका दिनमा सजिलो हुने रहेछ।' उहाँका अनुसार मुख्य गरेर यहाँका कन्द्रा, मोहना, काँढा, पथरैयासहित कर्णालीले डुबान र कटानको कहर नल्याएको वर्ष हुँदैन।

बडघरका मानबहादुरकी श्रीमती ब्रेफानी चौधरी पनि समुदायमा विपद्को पूर्वसूचना 'माइकिङ' गर्न व्यस्त हुँदा भेटिएकी थिइन । 'विपद्का सूचना र जानकारी कसरी समुदायमा पु¥याउने' भनेर उहाँलाई भ्याइ नभ्याइ थियो । सूचना सम्प्रेषणका विधि र तरिका बारेमा उहाँले नेपाल रेडक्रस सोसाइटीद्वारा प्रदान गरेको तालिममा सिक्नुभएको थियो। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा जारी मौसम पूर्वानुमान सूचना बढघरसम्म आइपुग्नासाथ उहाँ 'माइक' बाकेर घरबाट निस्कनुभएको थियो।

उहाँले अफ्नो मातृभाषामा स्थानीयवासीलाई नदीमा पानीको उच्च बहाव बढ्दैछ, डुबान हुने सम्भावना छ सबै जना उच्च सतर्क रहनुहोला र अति सङ्कटासन्न व्यक्तिहरुले विशेष सतर्कता अप्नाउनु होला भन्दै सूचना प्रसार गराउनुभएको थियो । उहाँको पूर्वसूचना सन्देशमा नयाँ जानकारी थपिएको थियो। ब्रेफानीले दोहो¥याएर सम्प्रेषण गर्दै हुनुहुन्थ्यौँ, 'बाढीका समयमा नसर्ने रोग लागेका व्यक्ति तथा हेरचाह गर्ने व्यक्तिहरुले ध्यान दिनुहोला । यस्ता विरामीले नियमित सेवन गर्ने औषधिको सुनिश्चितता गर्नुहोला । जोहो गर्नुहोला ।' 'माइकिङ' गरेर नसुन्ने स्थानमा नगरपालिकाले बहुउपयोगी 'साइरन'मार्फत समेत सूचना सम्प्रेषण गर्ने गरेको छ।

'माइकिङ' सुनेर महिला स्वयंसेविका किरणा जैसी झटपट झोला बोकेर घरबाट निस्केकी थिइन । झोलामा नसर्ने रोग(रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली तथा श्वासप्रश्वास)सहित झाडापखाला, ज्वरोका औषधिसहित केही प्राथमिक उपचार सामग्री पनि रहेका थिए। उहाँले भन्नुभयो, 'विपदका अवस्थामा नसर्ने रोगको व्यक्तिको सेवा निरन्तरताका लागि चुनौती छ र यो कृत्रिम घटना अभ्यासले समुदाय तथा नसर्ने रोग लागेका व्यक्तिहरुको विपद् पूर्वतयारी तथा विपद्को पूर्वानुमानपश्चात् गरिने पूर्वकार्यको ज्ञान तथा सीपसमेत वृद्धि गर्नेछ। यसमा समुदायलाई अभ्यस्त बनाउन जरुरी छ।'

यहाँ बडघरले समुदायलाई एकताबद्ध, सङ्गठित, अनुशासित र विकासका काममा परिचालन गर्ने काम गरिरहेको छ। बडघर थारू समुदायको मौलिक प्रथा पनि हो । बडघरले थारूको मौलिक सञ्चार प्रणालीअनुसार सूचना प्रवाह गर्ने गर्छन् । बडघरको जिम्मेवारीमा रहेका व्यक्तिले स्वयं प्रत्येक गाउँको घरधुरीमा पुगेर सूचना दिने काम गर्ने परम्परा रही आएको छ। सूचना प्रवाह गर्दा गाउँका सबै घरमा पुगेर लिखित वा मौखिक सूचना दिने काम गर्ने गर्छन्। बडघर मानबहादुरले भन्नुभयो, 'बडघर आफैँ खट्नु बढी विश्वसनीय हुने भएकाले समय भएसम्म म आफैँ खट्ने गर्दछु।'

बाढी र डुबानसहित नसर्ने रोगको उच्च जोखिम

भजनी नगरपालिकाका प्रमुख केबल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी र डुबानका उच्च जोखिममा पर्दछ। विगत तीन वर्षदेखि यहाँ बाढी र डुबानका कारण मानवीय क्षति नभए पनि डुबान, कटान सहित कृषिबाली क्षति हुनेक्रम रोकिएको छैन।

उहाँले भन्नुभयो, 'पछिल्ला वर्ष नसर्ने रोगको वृद्धिले नगरवासीहरु बाढीको समयमा अझ प्रभावित बन्न थालेका छन्। यहाँको नसर्ने रोगको 'ग्राफ' निरन्तर उकालोमा छ।' उहाँका अनुसार पालिकाभित्र बाढी र डुबानको उच्च जोखिमबाट समुदायलाई जोगाउन एकसयभन्दा बढी उच्च घर बनाउन सहयोग तथा विस्थापित राख्न १८ उच्च घर बनाइएका छन्।

गत माघ र फागुनमा नगरपालिकाले नगर क्षेत्रमा नसर्ने रोगसम्बन्धी 'स्क्रिनिङ' अभियान नै सञ्चालन गरेको थियो । नगरपालिका स्वास्थ्य शाखा प्रमुख कैलाशबहादुर डगौरा थारुका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र भजनी, आधारभूत स्वास्थ्य केन्द्र पल्तुपुर, मन्त्रिफाँटा, धरौना, गोडचौरासहित लालाबोझी स्वास्थ्यचौकी, थापापुर स्वास्थ्यचौकी, सहरी स्वास्थ्य केन्द्र चर्रा र खैलाड स्वास्थ्यचौकीमा ३० वर्षमाथिका एकहजार एकसय ८० को परीक्षण गर्दा रक्तचाप २५५, मधुमेह ९५, मिर्गाैला १६, मोटोपना २४४ जना भेटिएको थियो । उहाँले भन्नुभयो, 'समुदायमा नसर्ने रोगको व्यक्तिको खोजपड्ताल गर्नेक्रम जारी छ । पहिचानका लागि यस्ता व्यक्तिलाई 'कार्ड' वितरण भइराखेको छ। यसबाट विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरुको उपचार सेवा निरन्तरताको लगि सहयोग पुग्ने छ।'

भजनी नगरपालिकामा नोभो निर्डिस्क फाउन्डेसनको आर्थिक सहयोग तथा डेनिस रेडक्रस, क्यानडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयको सहकार्यमा 'रेजिलिएयन्स नसर्ने रोग उपचार' परियोजना अप्रिल २०२४ देखि मे २०२६ सम्म सञ्चालनमा रहेको छ।

सोही परियोजनाले भजनीमा विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरुको उपचार सेवा निरन्तरताको लगि विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह प्याकेजका 'पेन डि प्याकेज' मार्फत निरन्तर पैरवी, सहजीकरणका गतिविधिमा सहयोग गरिराखेको नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा विभागका स्वास्थ्य कार्यक्रम संयोजक अनिल महर्जनले जानकारी दिनुभयो

'रेजिलिएयन्स नसर्ने रोग उपचार' परियोजनाका संयोजक प्रमोद अधिकारीले भन्नुभयो, 'विपद्का अवस्थामा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरतालाई सुनिश्चित गर्दै स्वास्थ्य क्षेत्र र विपद् जोखिम व्यवस्थापन प्रणालीबीचको अन्तरलाई कम गर्नु 'रिजिलियन्स एनसिडी' परियोजनाको मुख्य उद्देश्य रहेको छ । विपद्मा नसर्ने रोगका बिरामीलाई प्राथमिकता दिन सकेमा आकस्मिक जटिलता र मृत्युको जोखिम कम हुन्छ साथै बिरामीको मानसिक तनावसमेत कम हुन्छ । मधुमेह, उच्च रक्तचाप, मुटुरोगजस्ता रोगबाट गम्भीर अवस्था सिर्जना हुनबाट रोकेर मानिसलाई बचाउन सकिन्छ । पेन–डी प्याकेजलाई समावेश गरी नीतिगत रूपमा काम गरेमा विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरुले थप जटिलता भोग्नु पर्ने थिएन।'

भजनी विपद् र नसर्ने रोगको दोहोरो मारमा रहेको छ। नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयुक्त सहकार्यमा निर्माण भएको विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह प्याकेजका 'पेन डी प्याकेज' को अन्तिम मस्यौदा तयार भइसकेको र भजनी नगरपालिका आगामी वर्षदेखि उक्त प्याकेजलाई पालिकाको नीति तथा कार्यक्रममा समावेश गरेर कार्यन्वयन गर्ने तयारीमा रहेको छ। नगरपालिकाका प्रमुख चौधरीले भन्नुभयो, 'विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरुको उपचार सेवा निरन्तरताको लागि यो प्याकेजले सहजीकरण गर्ने भएकाले भविष्यमा भजनी नगरपालिकामा नसर्ने रोगबाट प्रभावित रहेका व्यक्तिहरु विपद्का समयमा उपचारबाट वञ्चित हुनु पर्दैन।'

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्य विशेषज्ञ डा सविन पराजुली विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरुको उपचार सेवा निरन्तरताको लागि 'पेन डी प्याकेज' सहयोग पु¥याउने जानकारी दिँदै भजनी र लालझाडीको सिकाई अन्य पालिकामा कार्यान्वयन गर्न आवश्यक रहेको बताउनुभयो।

# कानुन निर्माणमा नागरिकको सहभागिता बढाउन 'डिजिटल प्लेटफर्म'



**काठमाडौँ ।**
कानुन निर्माण प्रक्रियामा नागरिकको सहभागिता बढाउन सार्वजनिक गरिएको छ । गत वैशाख २७ गते कानुन दिवसको अवसरमा घोषणा भएको उक्त प्लेटफर्ममार्फत नागरिकले ऐन तथा विधेयकका मस्यौदामा आफ्नो सुझाव र असहमति सिधै पठाउन सक्नेछन् ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले कानुन निर्माण प्रक्रियामा नागरिकलाई प्रत्यक्ष रूपमा सहभागी गराउने उद्देश्यले डिजिटल प्लेटफर्म सार्वजनिक गरिएको बताइन् ।

उनले कानुनहरू नागरिककै लागि बन्ने भए पनि निर्माण प्रक्रियामा जनसहभागिता पर्याप्त नभएको औँल्याउँदै यस पहलले कानुनी सचेतना विस्तार र नागरिक सहभागिता दुवै सुनिश्चित गर्ने जानकारी दिइन् । कानुन मन्त्रालयको आधिकारिक वेबसाइटमा गई सम्बन्धित ट्याबमा क्लिक गरेर नागरिकले कुनै पनि विधेयक वा कानुनको दफामा संशोधन वा सुझाव दिन सकिने जनाइएको छ । त्यस्तै भाषागत कठिनाइ भए पनि मन्त्रालयले सुझावलाई कानुनी भाषामा रूपान्तरण गर्ने बताएको छ । तथापि सुझाव दिनुअघि सम्बन्धित कानुन अनिवार्य रूपमा अध्ययन गर्नुपर्ने सर्त राखिएको छ । रासस

# जगदुल्ला जलविद्युत् आयोजना समयमै सम्पन्न गर्न ऊर्जामन्त्रीको निर्देशन



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जगदुल्ला जलविद्युत् आयोजनाको काम समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् । जगदुल्ला जलविद्युत् कम्पनी लिमिटेडको केन्द्रीय कार्यालयको अनुगमनमा पुगेका मन्त्री श्रेष्ठले जलविद्युत् आयोजना निर्माण समयमै सम्पन्न गर्न निर्देशन दिएका हुन् ।

उनले कर्णाली जस्तो भौगोलिक रूपमा विकट क्षेत्रमा आयोजनाको काम द्रुतगतिमा अघि बढ्नु खुसीको कुरा भएको बताए । मन्त्री श्रेष्ठले आयोजनाबाट स्थानीय बासिन्दाको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने र समग्र देशको ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्री श्रेष्ठले आयोजना निर्माणका क्रममा आइपर्ने कुनै पनि प्राविधिक वा प्रशासनिक समस्यालाई मन्त्रालयले तत्कालै समाधान गर्ने बताए । "निर्माणको चरणमा देखिने समस्या मन्त्रालयलाई तुरुन्त जानकारी गराउनुहोस्, हामी त्यसको समाधान तत्काल खोज्नेछौँ, तर कार्य प्रगतिमा कुनै ढिलासुस्ती हुनुहुँदैन, तोकिएको समयभित्रै निर्माण कार्य सम्पन्न गर्नुुपर्छ", मन्त्री श्रेष्ठले भने ।

जगदुल्ला जलविद्युत् कम्पनी लिमिटेड मातहतमा कर्णाली प्रदेशको डोल्पा जिल्लामा जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् आयोजना (१०६ मेगावाट) र जगदुल्ला 'ए' अर्धजलाशययुक्त जलविद्युत् आयोजना (१२४ । ३५ मेगावाट) निर्माण हुँदैछ ।

कार्यक्रममा मन्त्रालयका ऊर्जा सचिव चिरञ्जीवी चटौतको सहभागिता थियो । डोल्पामा निर्माण भइरहेका यी दुई आयोजना सम्पन्न भएपछि त्यस क्षेत्रको भौतिक विकास र आर्थिक गतिविधिमा ठूलो टेवा पुग्ने अपेक्षा सरकारले गरेको छ । रासस

# नेकपाको दुईदिने अगुवा कार्यकर्ता प्रशिक्षण



**धनगढी ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले सुदूरपश्चिम प्रदेशमा दुई दिने अन्तरक्रिया तथा अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम गर्ने भएको छ । पार्टीको सांगठनिक सुदृढीकरण र भावी कार्यदिशाबारे छलफल गर्न नेकपाले बिहिबार र शुक्रबार दुई दिन सुदूरपश्चिमका केन्द्रीय सदस्य तथा प्रादेशिक नेताहरूसँग अन्तक्रि्रया गर्न लागेको हो ।

नेकपा सुदूरपश्चिमका अनुसार आज पहिलो दिन केन्द्रीय सदस्यहरूसँग विशेष परामर्श बैठक बस्नेछ भने भोलि प्रदेश कमिटीका सदस्यहरूसहितको बहृत् प्रशिक्षण कार्यक्रम तय गरिएको छ । सुदूरपश्चिम प्रदेशस्तरीय यो विशेष कार्यक्रमका लागि नेकपाका शीर्ष नेताहरू धनगढी पुग्ने क्रम जारी छ । पार्टीका सहसंयोजक माधव कुमार नेपाल र भीम रावल बुधबार नै धनगढी पुगिसकेका छन् । यस्तै, संयोजक पुष्पकमल दाहाल, नेताहरू नारायणकाजी श्रेष्ठ र रञ्जिता श्रेष्ठलगायतका शीर्ष नेताहरू आज धनगढी पुग्दैछन् ।

नेकपाका सहसंयोजक खगराज भट्टले पहिलो दिन परामर्श र दोस्रो दिन प्रशिक्षणको कार्यतालिका रहेको जानकारी दिएका छन् । पार्टीको वैचारिक, सांगठनिक र भावनात्मक एकतालाई मजबुत बनाउँदै जनताको आवश्यकता सम्बोधन गर्न यो कार्यक्रम कोसेढुङ्गा सावित हुने भट्टको भनाइ छ ।

## प्रतिनिधिसभा बैठकः

# कृषि, पर्यटन, रोजगारी र अर्थतन्त्रमा देखिएका समस्यामा समाधान गर्न सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
सांसदहरुले कृषि, पर्यटन, रोजगारी र अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बिहिबारको बैठकको विशेष समयमा सांसदहरुले वर्खाको समयमा सिँचाइको भरपर्दो व्यवस्था तथा मल, बीउको प्रबन्ध, करको दायरा वृद्धि, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणलागयत विषयमा सरकारको ध्यानाकृष्ट गराए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपकराज बोहराले जल तथा मौसम विज्ञान विभागको सदरदभन्दा कम वर्षा हुने प्रक्षेपणबाट किसानहरु प्रभावित हुने अवस्था आउनसक्ने भन्दै उक्त चुनौती सम्बोधनका लागि योजना निर्माण गर्न सरकारको ध्यानाकर्षण गराए । खेतमा पानी कम हुनेछ, धान रोपाइँ ढिला हुनेछ, कुलो सुक्नेछ, तराईमा लु चल्नेछ, वनमा डढेलो लाग्नेछ, जनताको भान्छामा प्रत्यक्ष असर पर्नेछ, उनले भने, नेपालको कृषि आकाशे पानीको भरमा चलिरहेको छ, असार÷साउनमा पानी नपरे खेत बाँझै रहनेछ, यसको सिधा असर अर्थतन्त्रमा पर्नेछ, यसतर्फ सरकारको ध्यान जाओस् ।

नेपाली कांग्रेसका सांसद प्रकाशसिंह कार्कीले करको दर बढाउने मात्रै नभई करको दायरा वृद्धि गरी अर्थतन्त्रलाई फराकिलो बनाउन सुझाव दिए । उनले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन, विकास निर्माणलाई दिगो बनाउन र पर्यटन प्रवद्र्धन गर्न माग गरे । रास्वपा सांसद हरि ढकालले जेनजी आन्दोलनका घाइतेको उपचारका लागि कुनै कञ्जुस्याइँ नगर्न सरकारको ध्यानाकर्षण गराए । सीमान्तकृत चेपाङ समुदाय, भूमिहीन किसान तथा सुकुमवासी, श्रमिक, मजदूरका समस्या समाधानमा गम्भीर बन्न सरकारको ध्यानाकृष्ट गर्दै उनले सरकारले जनप्रतिनिधिका अगाडि झुट बोल्न नहुने बताए ।

सोही पार्टीका सांसद उत्तमप्रसाद पौडेलले डिजिटल माध्यमबाट कर भुक्तानीको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए । रास्वपा सांसद पारसमणि गेलालले उदयपुर सिमेन्ट उद्योगका श्रमिक र कर्मचारीले १४ महिनादेखि पारिश्रमिक पाउन नसकेको जानकारी गराउँदै सोसम्बन्धी समस्या समाधान गर्न माग गरे । रास्वपा सांसद आशिका तामाङले मानव–वन्यजन्तु द्वन्द्व कम गर्न तथा बाँदर आतङ्क न्यूनीकरण गर्न अदुवा, बेसारलगायत खेती गर्न किसानलाई प्रेरित गर्नुपर्ने बताइन् । सोही पार्टीका सांसद प्रेमलाल चौधरीले नेपालको चिया भारत निर्यातमा देखिएका समस्या समाधानमा कूटनीतिक प्रयास गर्न सरकारलाई सुझाव दिए ।

रास्वपा सांसद रवीन्द्र पटेलले मधेस प्रदेशमा कमिसनको आधारमा विकास बजेट बिक्री हुने गरेको जिकिर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले तत्काल अनुसन्धान गर्नुपर्ने बताए । रास्वपा सांसद पुनमकुमारी अग्रवालले रुपन्देहीको बेलहिया–सुनौली नाकामा निर्माणाधीन एकीकृत जाँच चौकीसम्म रेल्वे सुविधाको पहुँचका लागि कूटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराइन् । उक्त पार्टीका सांसद अमरकान्त चौधरीले कृषिजन्य उत्पादनको बजारीकरण तथा मलबिउको अभावसँग किसान जुधिरहेको उल्लेख गर्दै किसानका समस्या समाधान गर्न सरकारसँग आग्रह गरे ।

**जनतासँग बढी कर नलिन सांसदको माग**

प्रतिनिधिसभाको बिहिबारको बैठकमा सांसदहरूले जनतासँग बढी कर नलिन सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसद सुलभ खरेलले जनतालाई कर तिर्न सहुलियत हुने गरी व्यवस्था गरिनुपर्नेमा जोड दिए । सांसद सुशान्त वैदिकले निर्माण सुरु गरिएका प्युठानका सडक अलपत्र भएकाले यथाशीघ्र कामलाई तीव्रता दिन सरोकार भएका निकायको ध्यानाकर्षण गराए । चव्याङबाट बज्र प्रतिरोधी टावर बनाउन उनले माग गरे ।

सांसद सुशील खड्काले फोहरमैला व्यवस्थापनलाई प्रोत्साहनको सट्टा दुरुत्साहनको काम भएकाले कबाडी करलाई खारेज गरिनुपर्नेमा जोड दिए । कुहिने फोहरलाई मल र प्लास्टिकलाई उद्योगको कोइलाका रूपमा पुनःप्रयोग गर्न सकिने उनको सुझाव छ । सांसद सुषमा स्वर्णकारले विद्युत् सेवा अधिकार भएकाले विद्युत् आपूर्तिमा अवरोध नगर्न माग गरे ।

सांसद सुहाङ नेम्वाङले वर्षा सुरु हुन लागेपछि इलामका सडक भत्कने गरेकाले सुधार गर्न माग गरे । उनले इलाममा अलपत्र रहेका पुल नबन्दा पनि समस्या भएकाले छिटो निर्माण गरी जनता निर्धक्क सुत्न सक्ने गरी कवातावरण बनाउन माग गरे । सांसद सोम शर्माले गत भदौ २३ गते किन गोली चलाइयो, सोको तथ्यगत र वास्तविक अध्ययन गरी दोषीलाई कारबाही गर्न माग गरे । सांसद स्मृति चौधरीले युवाले भविष्य गुमाइरहेकाले विदेश पलायन रोक्ने गरी नीति निर्माण गरिनुपर्ने माग गरिन् ।

सांसद हरिनादेवी कामीले डडेल्धुरामा बग्ने रङ्गुन खोलाले खेतीयोग्य जमिन कटान गरिरहेकाले तटबन्ध निर्माण गर्न माग गरिन् । सांसद हरिप्रसाद भुसालले नेपाली सञ्चारजगतले चेतना जगाउने गरेका उल्लेख गर्दै स्वतन्त्र प्रेसको सुदृढीकरणका लागि समानुपातिक विज्ञापन नीति लागू गर्न माग गरे । सांसद क्षितिज थेवेले सुकेटार विमानस्थल कालोपत्र भए पनि विमान नगएको उल्लेख गर्दै ५० वर्षदेखि जनताका सपना पूरा नभएको बताए । ताप्लेजुङका विभिन्न स्थानमा सडक र पुलको अवस्था नाजुक भएकाले समाधान गर्न उनले माग गरे ।

सांसद ज्ञानु पौडेलले कालिकोट विमानस्थल परीक्षण भएर सञ्चालन नभएकाले उक्त विमानस्थल चलाउन ठोस पहल गरिनुपर्नेमा जोड दिइन् । कालिकोटका सडक गुणस्तरीय नभएकाले विमानस्थल सञ्चालन छिटो गरिनुपर्ने उनको भनाइ छ ।

सांसद ज्ञानेन्द्रसिंह महताले क्रिकेट खेलाडीलाई कञ्चनपुरमा मैदान नभएकाले आधुनिक खेलमैदान तत्काल निर्माण गर्न माग गरे । सांसद हरिमोहन भण्डारीले वैदेशिक रोजगारमा गएकाको निधन हुँदा श्रम मन्त्रालयले चासो नलिँदा शव ल्याउने काम प्रभावित भएकोतर्फ सरकारको ध्यानाकर्षण गराए । रासस

## लुम्बिनी प्रदेशः

# उत्पादन, रोजगारी र पूर्वाधार केन्द्रित बजेट प्राथमिकतामा

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट उत्पादन, रोजगारी, पूर्वाधार विकास, सुशासन र सामाजिक न्यायमा केन्द्रित हुने जनाएको छ । प्रदेश सरकार आर्थिक मामिलामन्त्री धनेन्द्र कार्कीले लुम्बिनी प्रदेश सभाको बिहिबारको बैठकमा विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै सीमित स्रोत र बढ्दो दायित्वका बीच यथार्थपरक, कार्यान्वयनयोग्य र परिणाममुखी बजेट ल्याइने स्पष्ट पारेका हुन् ।

उनले चालु खर्च नियन्त्रण गर्दै पूँजीगत खर्चको प्रभावकारिता बढाइने, सार्वजनिक खर्चमा मितव्ययिता अपनाइने तथा वित्तीय अनुशासन कायम गरिने बताए । प्रदेश सरकारको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य, संविधानको समाजवाद उन्मुख अवधारणा तथा 'समृद्ध लुम्बिनीः खुसी नागरिक' को दीर्घकालीन सोचलाई बजेट निर्माणको मुख्य आधार बनाइएको उनले उल्लेख गरे ।

मन्त्री कार्कीले कृषि, उद्योग, पर्यटन, ऊर्जा र पूर्वाधार विकासमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गरी अर्थतन्त्रलाई चलायमान बनाइने बताए । आयात प्रतिस्थापन र निर्यात प्रवद्र्धनमा योगदान गर्ने क्षेत्रलाई विशेष प्राथमिकता दिइने उनको भनाइ छ । बजेटमा युवा लक्षित सीप विकास, स्टार्टअप, स्वरोजगार तथा नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गरी प्रदेशभित्रै रोजगारी सिर्जना गरिने नीति सरकारले लिएको छ । उनले डिजिटल शासन प्रणाली विस्तार गर्दै सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी र नागरिकमैत्री बनाइने जानकारी दिए । राजस्व प्रशासन, सार्वजनिक खरिद, लेखा व्यवस्थापन तथा सेवा प्रवाहमा डिजिटल प्रणालीको प्रयोग बढाइने उनले बताए ।

आयोजना छनोटमा रणनीतिक महत्त्व र उच्च प्रतिफललाई आधार बनाइने भन्दै मन्त्री कार्कीले बहुवर्षीय तथा अधुरा आयोजनालाई प्राथमिकतामा राखिने बताए । न्यून प्रगति भएका आयोजना र कम प्रभावकारी कार्यक्रमको पुनरावलोकन गरिने उल्लेख गर्दै आयोजना बैंकमार्फत योजना छनोट तथा कार्यान्वयनलाई व्यवस्थित बनाइने उनले जानकारी दिए ।

भौतिक पूर्वाधारतर्फ प्रदेश सडक गुरुयोजनाअन्तर्गत सडक विस्तार, स्तरोन्नति तथा जोखिमयुक्त पुलको प्रतिस्थापन गरिने भएको छ । आर्थिक, औद्योगिक र पर्यटकीय सम्भावनाका आधारमा पहुँच मार्ग निर्माणलाई उच्च प्राथमिकता दिइने नीति सरकारले लिएको छ । कृषि क्षेत्रको आधुनिकीकरण, प्राङ्गारिक खेती, रैथाने बाली संरक्षण, सिँचाइ विस्तार तथा कृषि उत्पादनको ब्राण्डिङ र मूल्य शृङ्खला विकासमा बजेट केन्द्रित गरिने मन्त्री कार्कीले बताए । स्वास्थ्य क्षेत्रमा अस्पताल स्तरोन्नति, विशेषज्ञ सेवा विस्तार तथा क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको भल्भ फेर्नेलगायत जटिल उपचारमा आर्थिक सहयोगलाई निरन्तरता दिइने भएको छ । कुपोषण न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवद्र्धनका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

पर्यटनतर्फ बुद्धजन्मस्थल लुम्बिनी लाई बुद्ध दर्शन तथा आरोग्य पर्यटन केन्द्रका रूपमा विकास गरिने नीति सरकारले अघि सारेको छ । धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक गन्तव्यको संरक्षण र प्रवद्र्धनमा जोड दिइने भएको छ ।

शिक्षा र खेलकुद क्षेत्रमा प्राविधिक शिक्षा, सूचना प्रविधिमैत्री शिक्षा, खेलकुद पूर्वाधार विकास तथा प्रतिभावान खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने भएको छ । महिला, दलित, आदिवासी जनजाति, थारू, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिने मन्त्री कार्कीले बताए ।

प्रदेशलाई सडक मानवमुक्त बनाउने अभियानलाई निरन्तरता दिइने भएको छ । खानेपानी, सरसफाइ, भूमि व्यवस्थापन, युवा स्वरोजगार, सहकारी सुदृढीकरण, सिँचाइ, नवीकरणीय ऊर्जा, वन संरक्षण तथा विपद् व्यवस्थापनलाई बजेटको प्राथमिकतामा राखिएको छ ।

मन्त्री कार्कीले कर प्रणालीलाई प्रविधिमैत्री, करदातामैत्री र प्रतिस्पर्धी बनाउँदै आन्तरिक राजस्व परिचालन सुदृढ गरिने बताए । सार्वजनिक खर्चलाई पारदर्शी, नतिजामुखी र प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप मजबुत बनाइने उनले उल्लेख गरे । उनले आगामी आर्थिक वर्षको बजेटले लुम्बिनी प्रदेशको आर्थिक स्थायित्व, विकास र सुशासनप्रतिको जनअपेक्षा पूरा गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले 'महालेखा परीक्षकको पाँचौँ वार्षिक प्रतिवेदन, २०७९' सभामा पेस गरे भने प्रदेशसभा सदस्यहरुले समसामयिक विषयमा विशेष समयमा धारणा राखेका थिए । रासस

# राष्ट्रिय बाल परिषद् खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग

**काठमाडौँ ।**
सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद इन्दिरा रानामगरले राष्ट्रिय बाल अधिकार परिषद् खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेकी छन् ।

बिहीबार प्रतिनिधि सभा बैठकमा बोल्दै उनले अघिल्लो सरकारले सो निर्णय गरेको भन्ने सुनिन आएको भन्दै त्यसमा सरकारले पुनर्विचार गर्न आवश्यक रहेको बताइन् ।

'राष्ट्रिय बाल अधिकार परिषद् खारेज गर्ने अघिल्लो सरकारको निर्णय भन्ने सुनिन आएको छ । बाल अधिकार संरक्षण, बालबालिकाको हक अधिकार जस्ता संवेदनशील विषयलाई मध्यनजर गर्दै कुनैपनि स्पष्ट वैकल्पिक संरचना तथा प्रभावकारी व्यवस्था सुनिश्चित नभएसम्म उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । साथै यस विषयमा सरोकारवालाहरूसँग व्यापक परामर्श गरी पुनर्विचारका लागि सरकारसँग आग्रह गर्दछु । मेरो भाषामा बालबालिका सबैभन्दा निमुखा वर्ग हो । एउटा गरिब मान्छेलाई म निमुखा भन्दिन । जो निर्दोष, कमजोर छ । उनीहरूलाई निमुखा भन्नुपर्छ भनेर पनि म आग्रह गर्दछु,' उनले भनिन् ।

# व्यावसायिक किवीखेतीमा जुट्दै खावाका किसान



**भोजपुर ।**
भोजपुरको टेम्केमैयुङ गाउँपालिका–५ खावामा किवीखेती विस्तार भइरहेको छ । दीर्घकालीन आम्दानी लिन सकिने सम्भावना देखिएपछि वडाले पनि किवीखेतीलाई प्राथमिकतामा राख्दै किसानलाई प्रोत्साहन गर्दै आएको छ ।
किवीखेतीका लागि उपयुक्त भूगोल र हावापानी रहेको क्षेत्रलाई लक्षित गर्दै वडाले हालसम्म करिब १७० जना किसानलाई किवीका बिरुवा वितरण गरिसकेको वडाध्यक्ष सुनिल राईले जानकारी दिए । उनका अनुसार हालसम्म करिब दुई हजार ५०० भन्दा बढी बिरुवा वितरण भइसकेको छ । हाम्रो वडामा किवीखेतीको राम्रो सम्भावना छ, वडाध्यक्ष राईले भने, किसानको रुचि पनि यसतर्फ बढ्दो छ । किवीका माध्यमबाट किसानलाई आयआर्जनमा जोड्ने लक्ष्यसहित खेती विस्तारमा जोड दिएका छौँ ।
किसानलाई व्यावसायिक कृषि उत्पादनतर्फ आकर्षित गर्ने उद्देश्यले वडा कार्यालयले बिरुवा वितरणसँगै प्राविधिक सहयोग पनि उपलब्ध गराउँदै आएको जनाएको छ । यहाँको हावापानी किवीखेतीका लागि अनुकूल भएकाले किसानलाई व्यावसायिक रूपमा खेती विस्तार गर्न प्रोत्साहन गरिएको हो । वडाको सहयोग पाएपछि यहाँका अधिकांश किसान व्यावसायिक किवीखेतीतर्फ आकर्षित भएको स्थानीय भीमसेन राई बताउँछन् । एकपटक विस्तार गरेपछि सामान्य हेरचाहमै वर्षौंसम्म आम्दानी लिन सकिने भएकाले किसान यसतर्फ आकर्षित भएका हौँ, उनले भने ।
उनका अनुसार अहिले आफ्नै १० रोपनी जमिनमा करिब १५० बोट किवीखेती विस्तार गरिएको छ । राम्रो फलेको एक बोटबाट नौ हजार रुपैयाँसम्म आम्दानी लिएको उनले जानकारी दिए । त्यस्तै, अर्का किसान तेजन विष्टले पनि वडाबाट बिरुवा र प्राविधिक सहयोग पाएपछि किवीखेतीमा उत्साह थपिएको बताए । परम्परागत बालीको तुलनामा किवीबाट राम्रो आम्दानी लिन सकिने भएकाले आफूहरू यसतर्फ लागेका उनको भनाइ छ । हाल ५० बोट खेती विस्तार गरेको उनले बताए ।
हाल वडाका मझौले, खावा, रमितेलगायतका क्षेत्रमा किवीखेती विस्तार हुँदै गएको छ । वडाको पहल र किसानको सक्रियतासँगै यस क्षेत्र किवी उत्पादनको सम्भावित केन्द्रका रूपमा विकास हुँदै गएको स्थानीय किसानको भनाइ छ । रासस

# सहिद कप महिला टी–२० क्रिकेट प्रतियोगिताको उपाधि पर्सालाई



**जनकपुरधाम ।**
श्री राम जानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय खेलमैदान मा सञ्चालन भएको सहिद कप अन्तर्गत मधेश प्रदेश स्तरीय महिला टी–२० क्रिकेट प्रतियोगिताको उपाधि पर्सा जिल्लाले जितेको छ ।
गत वैशाख ३१ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल वर्षाका कारण रद्द भएपछि टसको आधारमा विजेता चयन गरिएको थियो । टसको निर्णयअनुसार पर्सा पहिलो तथा सिरहा दोस्रो भएको हो ।
प्रतियोगिता खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश को आयोजनामा तथा नेपाल क्रिकेट सङ्घ को समन्वयमा सम्पन्न भएको थियो । प्रतियोगितामा मधेश प्रदेशका आठवटै जिल्लाका महिला क्रिकेट टोलीहरूको सहभागिता रहेको थियो ।
सहिद कप सञ्चालन अन्तर्गत मधेश प्रदेश स्तरीय महिला क्रिकेट प्रतियोगिताका संयोजक दिपेन्द्र कुमार गोइत ले प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको जानकारी दिएका छन् ।
समापन कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेश प्रमुख डाक्टर सुरेन्द्र लाभ कर्ण ले विजेता टोलीलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरेका छन् । प्रतियोगिताले प्रदेशमा महिला क्रिकेटको विकास, खेलाडीहरूको मनोबल वृद्धि तथा खेलप्रति आकर्षण बढाउन सकारात्मक योगदान पु¥याएको आयोजकले जनाएको छ ।

# एउटा टिप्पणीले जन्माएको 'कक्रोच जनता पार्टी', ७२ घण्टामा बने ७० हजार सदस्य

**नयाँदिल्ली ।**
यतिबेला भारतको सामाजिक सञ्जालमा एउटा अनौठो 'राजनीतिक पार्टी' निकै चर्चामा छ । यसको नाम 'ककरोच जनता पार्टी' राखिएको छ । सुरुमा मजाक र व्यंग्यका रूपमा सुरु भएको यो अभियान अहिले इन्टरनेटमा ठूलो ट्रेन्ड बनेको देखिएको छ । सार्वजनिक दाबीअनुसार स्थापना भएको केही दिनमै हजारौँ मानिस यससँग जोडिएका छन् ।
भारतमा नयाँ राजनीतिक दल गठन हुनु कुनै नौलो विषय होइन । तर यसपटकको कथा भने फरक छ । यहाँ न त ठूलो सभा आयोजना गरियो, न कुनै भव्य मञ्च सजाइयो, न झण्डा र भीड देखियो । सम्पूर्ण अभियान सामाजिक सञ्जालबाट सुरु भयो र छोटो समयमै इन्टरनेटभर फैलियो ।





'ककरोच जनता पार्टी' नाम सुन्नासाथ धेरैले यसलाई सामान्य मजाक ठाने । तर जब यसको पोस्ट, घोषणापत्र र सदस्यता अभियान सार्वजनिक हुन थाले, तब यो चर्चाको विषय बन्यो । सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले यसलाई केवल हास्यव्यंग्य मात्र नभई एउटा प्रतीकका रूपमा पनि हेर्न थालेका छन् । अहिले "सीजेपी" इन्टरनेटमा व्यापक चर्चा बटुलिरहेको छ ।
बताइएअनुसार बेरोजगार युवासम्बन्धी त्यहाँको सर्वोच्च अदालतका प्रमुख न्यायाधीशले गरेको एउटा टिप्पणीपछि यो सम्पूर्ण विवाद सुरु भएको हो । उनले बेरोजगार जनताहरू अल्छी भएको अभिव्यक्ति दिँदै कक्रोचसँग उनीहरूलाई दाजेर दिएको अभिव्यक्तिपछि सामाजिक सञ्जालमा तीव्र बहस सुरु भयो । कतिपयले असन्तुष्टि जनाए भने केहीले आफ्नै शैलीमा विरोध प्रकट गर्न थाले ।
यही क्रममा आम आदमी पार्टीका पूर्व सामाजिक सञ्जाल कार्यकर्ता अभिजीत दिपकेले नयाँ अवधारणा अघि सारे । उनले व्यंग्यात्मक शैलीमा "ककरोच जनता पार्टी" सुरु गरेका थिए । सुरुमा धेरैले यसलाई मजाकका रूपमा लिए पनि विस्तारै यो इन्टरनेटमा ट्रेन्ड बन्न थाल्यो । छोटो समयमै हजारौँ मानिस यससँग जोडिन पुगे र यसको पोस्टहरू तीव्र रूपमा भाइरल हुन थाले । समाचारअनुसार यो "पार्टी" ले स्थापना भएको केवल तीन दिनमै ७० हजारभन्दा बढी सदस्य बनाएको दाबी गरिएको छ ।
यस अभियानसँग जोडिएका व्यक्तिहरूका अनुसार यो व्यवस्थाद्वारा बेवास्ता गरिएका मानिसहरूको आवाज हो । पार्टीको वेबसाइटमा पनि यसलाई बेरोजगार र उपेक्षित वर्गका मुद्दा उठाउने मञ्चका रूपमा प्रस्तुत गरिएको छ ।
यसको ट्यागलाइनले पनि धेरैको ध्यान तानेको छ । त्यहाँ आफूलाई लामो समयदेखि व्यवस्थाबाट अलग महसुस गर्ने मानिसहरूको आवाज भएको उल्लेख गरिएको छ । यद्यपि, यसलाई अहिले व्यंग्यात्मक अभियानकै रूपमा हेरिएको छ, तर सामाजिक सञ्जालमा आएको प्रतिक्रियाले धेरैलाई आश्चर्यचकित बनाएको छ ।
सबैभन्दा धेरै चर्चा यसको घोषणापत्रले पाएको छ । अन्य राजनीतिक दलझैँ ककरोच जनता पार्टीले पनि आफ्ना प्रतिबद्धताहरू सार्वजनिक गरेको छ । घोषणापत्रमा महिलाका लागि ५० प्रतिशत आरक्षणको व्यवस्था गर्ने उल्लेख छ । त्यस्तै, सञ्चारमाध्यमको निष्पक्षता कायम गर्ने, राजनीतिक दल परिवर्तन गर्ने प्रवृत्तिविरुद्ध कडा कदम चाल्ने लगायतका विषय समावेश गरिएका छन् । घोषणापत्रको अन्त्यमा यसलाई बारम्बार पढ्न र अरूसम्म पु¥याउन गरिएको अपिलले झन् चर्चा बढाएको छ । यही कारण यसको स्क्रीनसटहरू सामाजिक सञ्जालमा तीव्र रूपमा फैलिएका छन् ।

# कृषि फार्मले स्थानीय ४० जनालाई रोजगारी

**दाङ ।**
दाङको घोराही उपमहानगरपालिका–२ निमुरियाका मुना चौधरी स्थानीयस्तरमा सञ्चालनमा रहेको कृषि फार्ममा रोजगार पाउँदा खुसी छिन् । गाउँमै रोजगार पाएकैले अन्यत्र काम खोज्नु जान नपरेको उनी बताउँछिन् । छोराछोरीको पढाइदेखि घर खर्च टार्न पनि सहज भएको उनको अनुभव छ ।
कृषि फार्ममा काम पाएपछि पहिलेजस्तो खाली बस्नुपर्ने अवस्था नभएको उनले बताइन् । 'पहिले हिउँदमा काम नहुँदा घरमै बस्नुपथ्र्यो, तर यहाँ कृषि फार्म खुलेपछि गाउँघरमै काम पाइनुका साथै आम्दानी पनि भइरहेको छ', उनले भनिन् । हाल मासिक १४–१५ हजार रुपैयाँ कमाउने गरेको उनको भनाइ छ ।
उनीजस्तै सोही स्थानका अर्का स्थानीय देवा चौधरी पनि गाउँघरमै रोजगारी प्राप्त गर्दा जीविका चलाउन सजिलो भएको बताउँछन् । 'घरमा पाँच जनाको परिवार छ, श्रीमान् घर बनाउने काम गर्नुहुन्छ, मैले कृषि फार्ममा काम गर्दै आएको छु, आम्दानी पनि राम्रै भइरहेको छ । जसले गर्दा आफ्नो कमाइले घरखर्च चल्ने र श्रीमान्को कमाइ भने बचत गर्दै आएका छौँ', उनले भने ।
पछिल्लो समय गाउँघरमै रोजगारी प्राप्त भएपछि उनीजस्तै धेरै कृषि क्षेत्रमा जोडिन थालेका छन् । घोराही उपमहानगरपालिका–२ निमुरियाका हरि जिसीले व्यावसायिक कृषि सञ्चालन गरी स्थानीयलाई रोजगारी दिलाइ रहेका छन् । उमेरले ३७ वर्ष पुगेका जिसीले सुवर्ण कृषि फार्ममार्फत कृषि व्यवसाय गर्दै आएका छन् ।
जग्गा भाडामा लिएर खेती गरी जिसी स्वरोजगार त बनेको छ नै अरू ४० जना स्थानीयलाई रोजगारीसमेत दिएका छन् । जिसीले सात वर्ष अघिदेखि सञ्चालन गर्दै आएको फार्ममा तरकारी लगाउने, गोडमेल गर्ने, टिप्नेलगायतका काम पाइने भएपछि स्थानीयलाई पहिलेजस्तो खाली बस्नुपर्ने अवस्था छैन । विद्यार्थीसमेत कलेज पढ्दै कमाउँदै गर्न पाएका छन् ।
सात वर्षअघि सात कट्ठा जग्गाबाट सुरु गरेको जिसीको तरकारी खेती अहिले १४ बिघामा फैलिएको छ । आफ्नो एक बिघा र बाँकी जग्गा भाडामा लिएर उनले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । वार्षिक दुई करोड रुपैयाँको कारोबार गर्ने जिसी कामदारको ज्यालामा मात्रै झन्डै एक करोड रुपैयाँ वार्षिक खर्च गर्छन् ।
जिसीले कृषि फार्ममार्फत सिजनअनुसार टमाटर, बोडी, काँक्रा, कोभीलगायतका तरकारी उत्पादन गर्ने गरेका छन् । उत्पादन भएको तरकारी बिक्रीका लागि घोराही बजारमा पसल पनि सञ्चालन गरेका छन् । सानैदेखि तरकारीखेतीप्रति भएको रुचिका कारण व्यावसायिक तरकारीखेतीमा लागेको भन्दै जिसीले भने, तरकारीखेतीबाट आम्दानी राम्रै छ, उत्पादन भएको तरकारी बिक्रीका लागि बजारमा पसल पनि गरेको छु । जसले गर्दा पसल र फार्म दुवैतिर रोजगारी मिलेको छ ।
उनले आजभोलि काँक्रा फार्मबाटै १७ रुपैयाँ र टमाटर २८ रुपैयाँ प्रतिकिलोको दरले बिक्री गर्दै आएका छन् । उनले उत्पादन गरेको तरकारी दाङ जिल्लासहित जिल्ला बाहिर बुटवल, कोहलपुर नेपालगन्ज, धनगढी, पोखरा, काठमाडौँसम्म बिक्रीका लागि लैजाने गरिएको छ । रासस

# उत्तर भारतमा भीषण गर्मीले जनजीवन प्रभावित

**नयाँदिल्ली ।**
उत्तर भारतमा चर्किएको अत्यधिक गर्मीको लहरले दैनिक जनजीवन अस्तव्यस्त बनाएको छ । दिनको समयमा सडक र बजारहरू प्रायः सुनसान बनेका छन् भने किसानदेखि व्यापारीसम्मले असह्य तापक्रमबाट बच्न आफ्नो काम गर्ने समय नै राततर्फ सार्न बाध्य भएका छन् । तापक्रम निरन्तर बढ्दै जाँदा भारतका धेरै भागमा जीवनशैलीमै ठूलो परिवर्तन देखिएको छ ।
भारतको मौसम विभागले राजधानी नयाँदिल्लीमा बिहीबार अधिकतम तापक्रम करिब ४५ डिग्री सेल्सियस (११३ फरेनहाइट) पुग्ने पूर्वानुमान गरेको छ ।
अत्यधिक गर्मीको जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले नागरिकलाई राहत दिन विभिन्न स्थानमा अस्थायी 'कुलिङ जोन' स्थापना गरेका छन् । त्यस्ता ठाउँमा मानिसहरूले केही समय शीतल वातावरणमा बिताउन सक्ने व्यवस्था गरिएको छ ।




मौसम विभागले आगामी दिनहरूमा उत्तरी क्षेत्रका धेरै स्थानमा तापक्रम मौसमी औसतभन्दा अझै माथि रहने चेतावनी दिएको छ । अधिकारीहरूले विशेषगरी दिउँसोको अत्यधिक गर्मीमा घरभित्रै बस्न, अनावश्यक बाहिर ननिस्कन र गर्मीजन्य स्वास्थ्य समस्या रोक्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् ।
भारतमा मैदानी क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियस (१०४ फरेनहाइट) र पहाडी क्षेत्रमा ३० डिग्री सेल्सियस (८६ फरेनहाइट) वा सोभन्दा बढी पुगेको अवस्थालाई गर्मीको लहर (हीटवेभ) घोषणा गरिन्छ । भीषण गर्मीले विशेषगरी उत्तर प्रदेशसहित उत्तर भारतका धेरै राज्यहरूमा जनजीवन ठप्प जस्तै बनाएको छ ।
दिउँसोको समयमा सडक र बजारहरू बन्दजस्तै भएका छन् भने मानिसहरू घरभित्रै बस्न बाध्य भएका छन् । दिउँसोको तापक्रम असहनीय बनेसँगै केही व्यापारीहरूले कामको समय बिहानतर्फ सार्न थालेका छन् भने किसानहरूले पनि खेतमा काम गर्ने समय राति सार्न थालेका छन् ।
शिक्षा क्षेत्रमा पनि गर्मीको असर गहिरो देखिएको छ । विभिन्न स्थानका अधिकारीहरूले विद्यालयहरूमा गर्मी बिदा घोषणा गरेका छन् र कक्षाहरू स्थगित गरिएको छ । यसैबीच, मङ्गलबार बान्दा सहरमा अधिकतम तापक्रम ४८ । २ डिग्री सेल्सियस (११८ । ८ फरेनहाइट) पुगेको थियो । यो यस वर्षको अत्यधिक उच्च रेकर्डमध्ये एक हो ।
स्वास्थ्य अधिकारीहरूले नागरिकलाई विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् । उनीहरूले दिउँसोको अत्यधिक घाममा बाहिर ननिस्कन, पर्याप्त मात्रामा पानी पिउन र चक्कर लाग्ने, अत्यधिक थकान वा उच्च ज्वरो जस्ता लक्षण देखिएमा तुरुन्तै चिकित्सा सहायता लिन सुझाव दिएका छन् ।
राजधानी नयाँदिल्लीमा समेत राहतका उपायस्वरूप विभिन्न स्थानमा शीतलन आश्रय (कुलिङ शेल्टर) स्थापना गरिएको छ । यी स्थानहरूमा एयर कुलर, पङ्खा, पिउने पानी र मौखिक पुनर्जलीकरण झोल (ओआरएस) उपलब्ध गराइएको छ, जसले नागरिक र पर्यटकलाई केही राहत दिएको छ । बुधबार एउटा शीतलन टेन्टभित्र मानिसहरू एयर कुलरको छेउमा बस्दै गर्मीबाट राहत लिइरहेका देखिएका थिए । त्यहाँ अधिकारीहरूले नुन मिसाइएको पानी वितरण गरिरहेका थिए ।
त्यहाँ आएका २५ वर्षीय पर्यटक बशारत अहमद मल्लाले आफ्नो अनुभव सुनाउँदै अत्यधिक गर्मीका कारण बाहिर घुम्न गाह्रो भएको बताए । उनका अनुसार शीतलन केन्द्रले केही समयका लागि भए पनि सहजता प्रदान गरेको छ ।
जलवायु विज्ञहरूका अनुसार भारतमा देखिएको यो बढ्दो तापक्रम केवल मौसमी अवस्था मात्र नभई विश्वव्यापी जलवायु परिवर्तनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । पछिल्ला वर्षहरूमा भारतले बारम्बार अत्यधिक गर्मीका लहरहरूको सामना गर्दै आएको छ र पछिल्लो दशक देशकै सबैभन्दा तातो दशकमध्ये एक रहेको तथ्याङ्कले देखाएको छ ।
संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रतिवेदनसँग सम्बन्धित तथा पुणेस्थित फ्लेम विश्वविद्यालयका सार्वजनिक नीति प्राध्यापक अञ्जल प्रकाशका अनुसार मानव–सिर्जित जलवायु परिवर्तनका कारण भारतको तापक्रम उल्लेखनीय रूपमा बढिरहेको छ । उनका अनुसार उत्तरपश्चिम भारत अन्य क्षेत्रको तुलनामा अझ तीव्र रूपमा तातिरहेको छ । उनले भारत गर्मीको मौसमसँग केही हदसम्म अभ्यस्त भए पनि जलवायु परिवर्तनले चरम र व्यापक स्तरका गर्मीका घटनाहरूलाई अझ तीव्र बनाइरहेको बताए ।
जनस्वास्थ्य क्षेत्रका अध्ययनहरूले सन् २००८ देखि २०१९ सम्म प्रत्येक वर्ष औसत एक हजार ११६ जनाको मृत्यु गर्मीका कारण भएको देखाएको छ ।
तर विज्ञहरूका अनुसार वास्तविक सङ्ख्या अझ धेरै हुन सक्ने अनुमान छ । धेरै अवस्थामा मृत्यु प्रमाणपत्रमा गर्मीलाई प्रत्यक्ष कारणका रूपमा उल्लेख नगरेका कारण वास्तविक तथ्याङ्क आधिकारिक रूपमा कम देखिने गरेको छ । रासस

# सुकुमवासीको समस्या तत्काल समाधान गर्न आग्रह

**काठमाडौँ ।**
सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको संयुक्त बैठकमा सांसदहरूले सुकुमवासी समुदायको समस्या तत्काल समाधान गर्न सरकारलाई सक्रिय हुन आग्रह गरेका छन् । उनीहरूले योजनाविहीन व्यवस्थापन र बस्ती हटाउने कार्यले सुकुमबासी थप समस्यामा परेका बताए ।



बैठकमा सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुकुमवासीको उचित व्यवस्थापन हुन नसक्दा उनीहरू मानसिक तनावमा रहेको उल्लेख गर्दै संविधानले सुनिश्चित गरेको आवासको अधिकारसमेत प्रभावित भएको बताए । उनले सुकुमवासीले न पर्याप्त रोजगारी पाएको, न स्वास्थ्य सेवाको सहज पहुँच पाएको जिकिर गर्दै लालपुर्जाको अभावले उनीहरूको अवस्था थप जटिल बनेको बताए ।
सांसद उदयबहादुर बोहोराले वास्तविक सुकुमवासी नै बढी समस्यामा परेका उल्लेख गर्दै तयारीविना डोजर प्रयोग गरेर बस्ती हटाउँदा समस्या थपिएको बताए । सांसद नरबहादुर विष्टले सुकुमवासी समस्या समाधानका लागि सरकारले यथाशीघ्र आवश्यक कदम चाल्नुपर्ने भन्दै सरकारलाई निर्देशन दिन आवश्यक रहेको बताए ।
सांसद विष्णुकुमारी सापकोटाले उचित तयारीविना सुकुमवासी बस्ती खाली गराउँदा नागरिक समस्यामा परेका उल्लेख गर्दै यस विषयमा सरकारलाई बोलाएर समितिमा गम्भीर छलफल गर्न आग्रह गरिन् । सांसद रोश्नी मेचेले सुकुमवासी व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना आवश्यक रहेको उल्लेख गर्दै मानव अधिकारको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताइन् ।
सांसद चन्द्रबहादुर केसीले छलफलमा उठेका विषयलाई गम्भीर रूपमा लिएर कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए । सांसद रञ्जित कर्णले सुकुमवासी समस्या समयमै समाधान हुन नसके बालबालिकाको शिक्षा प्रभावित हुने बताए । उनले सुकुमवासी बस्तीका बालबालिका विद्यालय जानबाट वञ्चित हुन सक्ने अवस्था सिर्जना हुन सक्ने भन्दै यस विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।
सांसद मदनकुमारी शाह (गरिमा)ले सुकुमवासी समस्या समाधानका नाममा नागरिकका १६ मौलिक हक प्रभावित भएका भन्दै यसतर्फ सरकारको ध्यानआकर्षण गराइन् । सांसद नारायणदत्त मिश्रले बाढीका कारण सुकुमवासी बस्तीका नागरिक हरेक वर्ष जोखिममा पर्ने गरेका उल्लेख गर्दै राज्यले समयमै प्रभावकारी काम गर्न नसकेको टिप्पणी गरे ।
सांसद पदमबहादुर परियारले सुकुमवासी बस्तीमा रहेका अपाङ्गता भएका र अशक्त व्यक्ति अझ बढी प्रभावित भएका भन्दै उनीहरूको आवश्यकतालाई प्राथमिकतामा राखेर व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । बैठकमा सांसदहरूले सुकुमवासी समस्या केवल आवाससँग मात्र सम्बन्धित विषय नभई मानव अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासँग जोडिएको विषय भएकाले राज्यले समाधान खोज्नुपर्नेमा जोड दिए । रासस

# विश्वविद्यालयको उपकुलपतिका लागि प्राप्त आवेदनमाथि छानबिन सुरु

**काठमाडौँ ।**
विभिन्न आठ विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि परेका कूल २१८ उम्मेदवारको आवेदनमाथि छनोट तथा सिफारिस समितिले अध्ययन सुरु गरेको छ ।
उपकुलपति नियुक्तिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको छनोट तथा सिफारिस समितिले इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन गत वैशाख २५ गते आव्हान गरेको थियो । उक्त सूचना बमोजिम सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा ५० जनाले आवेदन दिएका छन् ।
पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयका लागि ३८र३८, सुदूरपश्चिम विश्वविद्यालयका लागि १९, मध्यपश्चिम विश्वविद्यालय २०, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि ११, कृषि तथा वन विज्ञान विश्वविद्यालयका लागि १५, राजर्षि जनक विश्वविद्यालयका लागि २७ जनाले आवेदन दिएका मन्त्रालयले जनाएको छ ।
आवेदकहरूको कागजात अध्ययन ९छानबिन० गरी स्वीकृत उम्मेदवारको सूची प्रकाशन गरेर छनोट प्रक्रिया आरम्भ गर्ने तयारी समितिले गरेको छ ।
गत वैशाख २४ गते स्वीकृत ‘विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३’ स्वीकृत भएको थियो । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएको सार्वजनिक निकायका पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट विभिन्न विश्वविद्यालयका पदाधिकारी पदमुक्त भएपछि नयाँ नियुक्तिको प्रक्रिया सुरु भएको हो ।
छनोटका लागि शिक्षामन्त्री सस्मित पोखरेल, शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलसहित सम्बन्धित विश्वविद्यालयका लागि सम्बन्धित विज्ञ रहेको समिति गठन गरिएको छ । रासस

# थप ३०४ साना बचतकर्ताको रकम फिर्ता

**काठमाडौं ।**
सरकारले समस्याग्रस्त सहकारीका थप ३०४ जना साना बचतकर्ताको रकम फिर्ता गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले बुधबार कृषि सहकारी र शिव शिखर बहुउद्देश्यीय सहकारीका साना बचतकर्ताको बचत रकम फिर्ता गरेको हो ।
समितिका अनुसार बुधबार कृषि सहकारीका ८८ जना र शिव शिखर बहुउद्देश्यीय सहकारीका थप २१६ जना बचतकर्ताले बचत फिर्ता पाएका हुन् ।
यस अघि समितिले कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १५६ जना र पशुपति सहकारी ७ जना गरी ३७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको थियो ।
समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिएको हो । यसरी नै क्रमश बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ । समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताहरूको करिब ४६ अर्ब रुपैयाँ बचत फिर्ता गर्नुपर्ने छ । \पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठुला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ ।

# कर प्रशासन पुनःसंरचना र भ्याट प्रणाली सुधार गर्न अर्थविद्‌को सुझाव

**काठमाडौँ ।**
प्रतिनिधिसभा अन्तर्गत अर्थ समितिको बैठकमा अर्थविद्‌हरूले कर प्रशासनको पुनःसंरचना, सार्वजनिक वित्त व्यवस्थापन सुधार तथा मूल्य अभिवृद्धि कर (भ्याट) प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।



बैठकमा बोल्दै अर्थविद् डा डिल्लीराज खनालले आर्थिक नीति र बजेटबीच स्पष्ट सम्बन्ध हुनुपर्ने बताउँदै आर्थिक पुनःसंरचनालाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे । उनले विगतदेखि उठाइँदै आएका नीति सुधारका विषयहरूलाई बजेटका सिद्धान्त र प्राथमिकतासँग जोडेर लैजान आवश्यक रहेको उल्लेख गरे ।
अर्थविद् खनालले नेपालको सन्दर्भमा आर्थिक संरचनागत सुधार र सुशासनलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता रहेको बताए । उनले अर्थतन्त्रका प्राथमिक क्षेत्र पहिचान गरी दीर्घकालीन पुनःसंरचनाको रणनीति तयार गर्नुपर्नेमा जोड दिए ।
अर्का विज्ञ दीर्घराज मैनालीले कर प्रशासनको विद्यमान संरचनामा व्यापक सुधार आवश्यक रहेको बताए । उनले विगत लामो समयदेखि कर प्रशासन प्रणालीमा संरचनागत समस्या रहेको उल्लेख गर्दै त्यसलाई व्यावसायिक र प्रभावकारी बनाउन पुनःगठन गर्नुपर्ने सुझाव दिए ।
मैनालीले कर प्रशासन सञ्चालन गर्ने निकायलाई थप व्यावसायिक बनाउने उद्देश्यले संस्थागत पुनःसंरचना आवश्यक रहेको उल्लेख गरे । उनले हाल केही सुधारका प्रयास भए पनि त्यसले अपेक्षित परिणाम दिन लामो समय लाग्ने भएकाले व्यापक संरचनागत सुधार आवश्यक रहेको धारणा राखे ।
अर्थविद् डा रुपक खड्काले मूल्य अभिवृद्धि कर (भ्याट) को प्रभावकारिता यसको संरचना र कार्यान्वयनमा निर्भर रहने बताए । उनले भ्याट प्रणालीलाई सकेसम्म व्यापक आधारमा एउटै दरमा लागू गर्दा अर्थतन्त्रका लागि बढी लाभदायक हुने सुझाव दिए ।
उनले न्यूजिल्याण्डको जिएसटी प्रणालीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै सीमित छुटसहित व्यापक कर दायरा भएको प्रणाली प्रभावकारी मानिएको उल्लेख गरे । खड्काले नेपालमा सुरुआती चरणमा सीमित छुटको अवधारणा भए पनि पछिल्ला वर्षहरूमा छुटको दायरा अत्यधिक बढेको बताए । उनले बहु दरभन्दा एकल दर प्रणाली सरल, पारदर्शी र प्रशासनिक रूपमा बढी प्रभावकारी हुने तर्क गरे ।
बैठकमा विज्ञहरूले सार्वजनिक वित्त नीति, कर प्रशासन तथा राजस्व प्रणालीलाई दीर्घकालीन रूपमा सुधार गर्दै आर्थिक व्यवस्थापनलाई थप सुदृढ बनाउनुपर्ने सुझाव दिएका थिए । रासस

# त्रिविका हरेक क्याम्पसमा ‘स्मार्ट’ कक्षा सञ्चालन गरिने




**कीर्तिपुर (काठमाडौँ) ।**
त्रिभुवन विश्वविद्यालयले आगामी वर्षसम्ममा आफ्ना आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा कम्तीमा एउटा स्मार्ट कक्षा सुरु गर्ने भएको छ ।
नेपालस्थिति युनेस्को कार्यालय, चिनियाँ कम्पनी म्याक्स हबको सहयोगमा यो कक्षा सुरु गर्न लगिएको हो । विश्वविद्यालयको कीर्तिपुरस्थित शिक्षा शास्त्र केन्द्रीय विभागमा स्मार्ट कक्षाको बिहिबार उद्घाटन गर्दै उपकुलपति प्रा डा सुशील बज्राचार्यले सो जानकारी दिएका हुन् । कक्षामा हुने पठनपाठनलाई एकोहोरो पढाउने शैलीबाट मुक्त गरी अन्तरक्रियात्मक बनाउन स्मार्ट कक्षा आवश्यक भइसकेको उनले बताए ।
पछि क्रमशः सबै कक्षाहरुलाई स्मार्ट प्रविधि प्रयोग गर्दै स्मार्ट कक्षामा परिणत गर्दै लगिने छ, उनले भने । यसले पठनपाठन र समग्र शैक्षिक नतिजाकै सुधारमा ठूलो मद्दत हुने उनको भनाइ छ ।
इन्यिनियरिङ अध्ययन संस्थानमा लामो समय प्राध्यापन गरेका उपकुलपति बज्राचार्यले त्यहाँ स्मार्ट प्रविधिको प्रयोग निकैअघि देखि भएको जानकारी दिँदै त्यसको अनुभवका आधारमा सबै क्याम्पसमा स्मार्ट कक्षा सञ्चालन गर्न खोजिएको बताए । रासस

# लोकतन्त्रको संरक्षणमा सञ्चारकर्मी चनाखो हुनुपर्छः शर्मा

**मोरङ ।**
नेपाल पत्रकार महासङ्घकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले लोकतन्त्रको संरक्षणमा सञ्चारकर्मीहरु चनाखो हुनुपर्ने बताएकी छिन् ।
नेपाल पत्रकार महासङ्घ मोरङको वार्षिक साधारणसभाको सभाको बिहिबार विराटनगरमा उद्घाटन गर्दै अध्यक्ष शर्माले लोकतन्त्र, प्रेस स्वतन्त्रताको संरक्षण तथा सवद्र्धनमा सरकार र सम्बन्धित निकायहरुल थप जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिइन् ।
उनले पत्रकारिता पेसालाई थप सम्मानजनक र दिगो बनाउन सबै सरोकारवाला मिलेर काम गर्नुपर्ने बताइन् । उनले निजी क्षेत्रका पत्रपत्रिकाहरुलाई विज्ञापन वितरणमा हुने भेद्भाव अन्त्य गरी समान पहुँचको सुनिश्चित गर्न सरकार समक्ष माग राखिन् ।
अध्यक्ष शर्माले पत्रकारको आन्दोलन आगामी दिनमा थप सशक्त रुपमा अगाडि बढाउने जानकारी दिइन् । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले सञ्चार क्षेत्र बलियो भएमा मात्र मुलुकमा भ्रष्टाचार अन्त्य भइ सुशासन कायम हुने विश्वास व्यक्त गरे ।
मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले नागरिक समस्या समाधानमा कलम चलाउन सञ्चारकर्मीहरुसँग आग्रह गरे ।
पत्रकार महासङ्घका मोरङ अध्यक्ष सुशीला पाठक, महासङ्घ कोशीका उपाध्यक्ष कुमोद अधिकारी लगायतले आफ्ना धारणा राखेका थिए । साधारणसभामा संस्थाको वार्षिक कार्यक्रम, आर्थिक विवरण तथा आगामी दिनको कार्ययोजनामाथि छलफल गरिएको थियो ।

# अपाङ्‌गता भएकालाई विपद् पूर्वसूचनाबारे सिकाइँदै

**टीकापुर ।**
कैलालीको टीकापुर नगरपालिकाले अपाङ्गता (फरक क्षमता भएका) व्यक्तिहरुलाई विपद् पूर्वसूचना तथा विपद् व्यवस्थापनसम्बन्धी जानकारी दिन थालेको छ । पालिकाले पहिलो चरणमा ३५ अपाङ्गता भएका र उनीहरुका सहयोगी गरी ५६ जनालाई विपद्का समयमा पूर्वसूचना कसरी लिने भनी जानकारी दिएको हो ।
टीकापुर बाढीजन्य विपद्मा रहेको पालिका हो । यसबाहेक अन्य विपद्का बेला पनि कसरी सुरक्षित रहने, कस्को सहयोग लिने, सूचना कहाँकहाँबाट लिने भन्ने सिकाइएको छ । विपद्‌्सम्बन्धी सूचना स्थानीय पालिकामा रहेको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, मौसम पूर्वानुमान महाशाखा, रेडियो तथा टेलिभिजन, साइरन वा माइकिङ, मोबाइलमा आउने म्यासेज, सामाजिक सञ्जाल, अनलाइन सञ्चारमाध्यम, महिला स्वास्थ्य स्वयंसेविका, बडघर, भल्मन्सा, चिराकी, प्रहरी, टोल विकास संस्था, विपद् व्यवस्थापन समितिमार्फत सूचना लिन सकिने टीकापुर नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले बताए ।
हामीले विपद् पूर्वसूचनाबारे जानकारी दिन नियमित रुपमा काम गर्दै आएको छौँ, पूर्वसूचनाले विपद्को क्षति कम गर्न सघाएको छ, उनी भन्छन्, बाढीजन्य विपद्का बेला अपाङ्गता भएकालाई उद्धारमा कठिन हुने भएकाले उनीहरु स्वयंलाई सचेत गराएमा समयमै उद्धार हुन्छ । उनीहरुका लागि आवश्यक सामग्रीसमयमै सुरक्षित राख्न सकिन्छ ।



यसपालिकामा आगामी वर्षको योजनासमेत निर्माण भइरहेकाले अपाङ्गता भएकाहरुको समावेशीकरण, अपाङ्गमैत्री योजनामा प्राथमिकता दिन उनीहरुसँग छलफल चलाइरहेको चौधरीको भनाइ छ । शिक्षक तथा कैलाली अपाङ्ग सेवा सङ्घमा आबद्ध दुर्गा खत्री विपद्का समयमा अपाङ्गता भएकालाई समयमै सूचना पाउन र सुरक्षित स्थानमा जान कठिन हुने भएकाले सूचनामा पहिलो प्राथमिकता दिन र अपाङ्गमैत्री संरचना बनाउन, सहयोगी वातावरण बनाउनुपर्ने बताउँछन् ।
विपद्का समयमा अपाङ्गता भएकाहरुको ज्यान जोखिममा हुन्छ, उद्धार तथा सुरक्षित स्थानान्तरणमा पनि समस्या हुन्छ, उनी भन्छन्, पूर्वसूचना समयमै पाएमा आफ्नो ज्यान जोगाउनुका साथै सहायक सामग्री, आवश्यक सामान, औषधिसमेत सुरक्षित राख्न सहयोग हुन्छ ।
होटल व्यवसायी महासङ्घका केन्द्रीय सदस्य निसात विक्रम बम हरेक संरचना अपाङ्गमैत्री हुनुपर्ने बताउँछन् । विपद्का समयमा अपाङ्गता भएकालाई प्राथमिकता दिएर काम गर्नुपर्ने, सेल्टरहरु पनि अपाङ्गमैत्री बनाउनुपर्ने आवश्यकता छ, उनी भन्छन्, दृष्टिविहीन, श्रवण अशक्त र शारीरिक अपाङ्गता जसले ह्विलचेयरको प्रयोग गर्नुहुन्छ, उहाँहरुलाई विशेष प्राथमिकता दिने योजना हुनुपर्छ ।
टीकापुर नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक तथा वडा नं ६ का वडाध्यक्ष बलिराम चौधरी विपद्मा पूर्वसूचना र तथ्याङ्क महत्वपूर्ण हुने भएकाले वडा नं ६ मा सबैको तथ्याङ्क लगिएको बताउँछन् । कुन घरमा कति सदस्य छन्, उनीहरुको अवस्था के छ ? अपाङ्ग कति जना छन् भन्ने तथ्याङ्क लिएका छौँ, उनले भने, ‘अब अन्य वडामा पनि तथ्याङ्क लिनुपर्छ । तथ्याङ्क भएमा विपद्का समयमा थोरै समयमा धेरै काम गर्न सकिन्छ ।
टीकापुर नगरपालिकाबाट अपाङ्गता परिचयपत्र बनाउनेको संख्या एक हजार ४०० बढी छ । रासस्

# ११ किलोको कछुवा !

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको सीमावर्ती शहर रक्सौलस्थित प्राचीन सूर्य मन्दिर परिसरको पोखरीबाट करिब ११ किलो तौलको ठूलो कछुवा फेला परेपछि स्थानीयवासी तथा श्रद्धालुबीच चर्चा र कौतुहलता बढेको छ । सूर्य मन्दिरको जीर्णोद्धार तथा सौन्दर्यीकरणअन्तर्गत पोखरी सफाइ गर्ने क्रममा कछुवा फेला परेको हो । कछुवा देखिएपछि मन्दिर परिसरमा श्रद्धालु तथा स्थानीयको भीड लागेको सूर्य मन्दिर समितिका मिडिया प्रवक्ता एवम् समाजसेवी रजनीश प्रियदर्शीले जानकारी दिए ।

धार्मिक आस्थाअनुसार धेरै श्रद्धालुले बिहीबार फेला परेको कछुवालाई भगवान विष्णुको कूर्म अवतारसँग जोड्दै शुभ संकेतका रूपमा व्याख्या गरेका छन् ।

धार्मिक विश्वासअनुसार कछुवा धैर्यता, स्थिरता, समृद्धि तथा सकारात्मक ऊर्जाको प्रतीक मानिन्छ । सूर्य मन्दिर समितिका सचिव शम्भु प्रसाद चौरसिया तथा कोषाध्यक्ष गणेश अग्रवाललगायतले आस्थाको केन्द्रमा यति ठूलो कछुवा भेटिनु प्रकृति र धार्मिक चेतनाबीचको विशेष सम्बन्धको संकेत भएको बताएका छन् ।

# सर्वोच्च अदालतको पूर्ण बैठकमा पूर्वन्यायाधीश प्रधानको योगदानको स्मरण



**काठमाडौँ ।**
सर्वोच्च अदालतको आकस्मिक रूपमा बिहीबार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले पूर्वन्यायाधीश हरगोविन्दसिंह प्रधानको योगदानको स्मरण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गरेको छ ।

प्रधानन्यायाधीशसहित न्यायाधीशहरूको पूर्ण बैठकले पूर्वन्यायाधीश प्रधानको निधनप्रति शोक व्यक्त गर्दै यस दुःखद् घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको हो ।

बैठकले जेठ ६ गते ९५ वर्षको उमेर निधन हुनुभएका पूर्वन्यायाधीश प्रधानन्यायालयमा हुँदा न्याय तथा कानून क्षेत्रमा राष्ट्रलाई पु¥याएको योगदानको स्मरण गर्दै उच्च सम्मानका साथ स्मरण गरेको हो ।

'स्वर्गीय प्रधान देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दख्खल राख्ने, लगनशील, मिलनसार, सहृदयी, मृदुभाषी एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्थ्यो,' बैठकपछि सहप्रवक्ता निराजन पाण्डेले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपालको न्यायिक र कानूनी इतिहासमा निष्पक्षता, बौद्धिकता र निष्ठाका पर्यायका रुपमा परिचित निधनबाट न्याय र कानूनका क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ ।

उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ ।'

स्वर्गीय प्रधानले विसं २०३२ भदौ २३ गते मध्यमाञ्चल क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त भई विसं २०४८ भदौ १४ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका थिए । उनी २०५१ साल पुस ५ गतेसम्म कार्यरत थिए ।

# सहकारीले समाजवादको मूलमन्त्रलाई आत्मसात् गरेको छः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले सहकारी संस्थाहरूले समाजवादको मूल मन्त्रलाई अंगिकार गर्दै अघि बढिरहेको बताएका छन् ।

जनकपुरधामस्थित रामानन्द चोकमा रहेको सारा बचत तथा ऋण सहकारी संस्थाको रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले सहकारीमा कोही मालिक वा ग्राहक नभई सबै सदस्य समान हुने भएकाले यसले समाजवादको मूल मर्मलाई व्यवहारमा उतारिरहेको बताए ।

उनले केही व्यक्तिका कारण सम्पूर्ण सहकारी क्षेत्रलाई बदनाम गर्नु उचित नहुने उल्लेख गर्दै राज्यकै तहबाट सहकारीप्रति नकारात्मक धारणा बनाइनु दुःखद रहेको बताए । सहकारी संस्थाहरूले देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धि गर्नाका साथै बेरोजगारी समस्या समाधानमा महत्वपूर्ण योगदान पु¥याइरहेको भन्दै यस क्षेत्रको संरक्षण आवश्यक रहेको उनको भनाइ थियो ।

सभामुख यादवले आगामी बजेट सहकारीमैत्री हुनुपर्ने आवश्यकता औंल्याउँदै ग्रामीण भेगका गरिब तथा विपन्न समुदायले सहकारीप्रति बढी अपनत्व महसुस गर्ने गरेको बताए । उनका अनुसार वाणिज्य बैंकहरूको तुलनामा सहकारी संस्थाले सहज र बढी सेवा–सुविधा उपलब्ध गराउने भएकाले विपन्न वर्ग सहकारीप्रति आकर्षित हुने गरेका छन् ।

सारा बचत तथा ऋण सहकारी संस्थाले २५ वर्षको अवधिमा ३ करोड ९२ लाख ४५ हजार ५ सय रुपैयाँ शेयर पुँजी संकलन गरेको जनाएको छ । संस्थासँग २४ करोड ७३ लाख ७८ हजार ३२२ रुपैयाँ बराबरको कुल सम्पत्ति रहेको छ भने २ करोड ९२ लाख ३७ हजार २ सय ४७ रुपैयाँ जगेडा कोष रहेको जानकारी दिइएको छ । सहकारीले १ करोड २६ लाख ९९ हजार ६ सय ५१ रुपैयाँ ऋण लगानी समेत गरेको जनाएको छ ।

संस्थाका अध्यक्ष मनोजकुमार महतो को अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहकारी रजिष्ट्रार रुपेशकुमार साह, पूर्व अध्यक्षहरू चन्देश्वर प्रसाद रौनियार, रामचरित्र यादव, राधा प्रसाद यादव तथा नेपाल पत्रकार महासंघ धनुषा का अध्यक्ष पुरन गुप्ता लगायतको उपस्थिति रहेको थियो ।

## गुजरातदेखि जनकपुरधामसम्मको धार्मिक यात्राः

# रविन्द्र मेमोरियल हस्पिटलमा भव्य स्वागत



**मिश्री लाल मधुकर**
**जनकपरधाम ।**
जनकपुरधाम अन्तर्राष्ट्रिय सुन्दरकाण्ड पाठ संघका संयोजक महामण्डलेश्वर पुरुषोत्तम दासजी महाराज (गुजरातवाले) को संयोजकत्वमा निस्किएको विशेष धार्मिक टोली जनकपुरधाम आइपुगेको छ । नेपाल–भारत जनमैत्री संगठन नेपालको सहयोग तथा संगठनका संयोजक एवम् समाजसेवी निर्मल दुगडको विशेष पहलमा धार्मिक यात्रा गरिएको हो ।

जगतजननी माता जानकीको जन्मभूमि जनकपुरधामलाई गन्तव्य बनाएर भारतको गुजरातबाट सुरु भएको 'धार्मिक यात्रा' मा ठूलो संख्यामा साधु–सन्त, प्रतिष्ठित समाजसेवी तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूको सहभागिता छ ।

**विभिन्न धार्मिक स्थलहरूको दर्शन र जनकपुरधाम प्रवेश**
गुजरातबाट सुरु भएको पवित्र यात्रा अयोध्या, पुनौराधाम र जलेश्वर महादेवको दर्शन तथा पूजा–आराधना गर्दै माता जानकीको नगरी जनकपुरधाम आइपुगेको हो । यात्रा टोली जनकपुरधाम उपमहानगर पालिका वडा नं. २३ मा प्रवेश गर्ने क्रममा उनीहरूलाई स्वागत गरिएको थियो ।वडा नं. २३ का वडा अध्यक्ष राघवेन्द्र साहको नेतृत्वमा महामना राजेश्वर नेपालीद्वारा स्थापित तथा हाल निर्माणाधीन अवस्थामा रहेको रविन्द्र मेमोरियल हस्पिटलको प्राङ्गणमा विशेष स्वागत गरिएको थियो । वडा अध्यक्ष साहले महामण्डलेश्वर पुरुषोत्तम दासजी महाराजलगायत भारत र नेपालका सम्पूर्ण तीर्थयात्रीलाई खादा तथा माला लगाएर भव्य सम्मान गरेका थिए ।

**विशिष्ट व्यक्तित्वहरूको उपस्थिति**
धार्मिक यात्रा तथा स्वागत कार्यक्रममा अन्तर्राष्ट्रिय धार्मिक अभियन्ता भोगेन्द्र लाल कर्ण र मनोज ठाकुर लगायतका महानुभावको उल्लेखनीय उपस्थिति थियो । साथै, हस्पिटल प्राङ्गणमा आयोजित स्वागत समारोहमा अस्पतालका डाइरेक्टर श्रीचन्द साह, इन्जिनियर अमित साह, सुपरभाइजर मुन्नी साह, मोहन जिमी र बेचन मुखियालगायतले सम्पूर्ण यात्रीलाई स्वागत गर्दै यात्राको पूर्ण सफलताको कामना गरेका थिए । धार्मिक यात्राले नेपाल र भारतबीचको सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास लिइएको छ ।

## कस्तो बन्दै छ एमाले

# मधेशका नेताहरुलाई के के जिम्मेवारी ?







मधेशदृष्टि
वीरगंज ।
नेकपा एमालेले सचिवालय बैठकमा विभागीय प्रमुख, प्रदेश इन्चार्ज तथा विभिन्न फाँटहरूको जिम्मेवारी बाँडफाँटको प्रस्तावित सूची तयार पारेको छ । सूचीमा नेताहरुको वरियताक्रम पनि तय भएको छ । यसमा मधेशबाट प्रतिनिधित्व गर्ने नेताहरुको पनि भूमिका र वरियता प्रस्ताव भएको छ ।

सोमबार बसेको सचिवालय बैठकमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तावित नामावली प्रस्तुत गरेका थिए । प्रस्तावमाथि शुक्रबार बस्ने सचिवालय बैठकमा छलफलपछि अन्तिम निर्णय गरिने छ । पार्टीको एघारौँ राष्ट्रिय महाधिवेशनपछि पदाधिकारी तथा सदस्यहरूको वरियता निर्धारण बाँकी थियो ।

प्रस्तावित पदाधिकारीहरूको वरियताक्रमअनुसार अध्यक्ष केपी शर्मा ओलीपछि दोस्रो नम्बरमा उपाध्यक्ष रामबहादुर थापा छन् । त्यसपछि उपाध्यक्षहरु विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट, रघुजी पन्त छन् । त्यसपछि महासचिव शंकर पोखरेल छन् ।

उपमहासचिवमा पहिलोमा लेखराज भट्ट हुँदो मधेशका नेता रघुवीर महासेठ दोस्रो वरियतामा छन् । तेस्रोमा योगेश भट्टराई छन् । सचिवको पहिलो वरियतामा छविलाल विश्वकर्मा छन् । उनी यसअघि पनि सचिव नै थिए ।

त्यसपछि पद्मा अर्याल, खगराज अधिकारी, भानुभक्त ढकाल, यामलाल कँडेल, शेरधन राई, राजन भट्टराई, हिक्मत कार्की र महेश बस्नेत छन् ।

प्रस्तावअनुसार उपाध्यक्ष रामबहादुर थापा 'बादल'लाई सुशासन तथा सेवा प्रवाहसम्बन्धी विभागहरूको संयोजनको जिम्मेवारी दिने तयारी गरिएको छ ।

उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई पार्टीसम्बद्ध विभागहरूको संयोजन, पृथ्वीसुब्बा गुरुङलाई सामाजिक विकाससम्बन्धी विभाग, गोकर्ण विष्टलाई पूर्वाधार विकाससम्बन्धी विभाग तथा रघुजी पन्तलाई मानवस्रोतसम्बन्धी विभागहरूको संयोजनको जिम्मेवारी प्रस्ताव गरिएको छ ।

महासचिव शंकर पोखरेललाई पार्टी संगठनात्मक कामको संयोजन तथा केन्द्रीय कार्यालय प्रमुख बनाउने प्रस्ताव गरिएको छ । उपमहासचिव लेखराज भट्टलाई नीति तथा योजना विभाग प्रमुख, रघुवीर महासेठलाई कृषि तथा उद्यमशीलतासम्बन्धी विभागहरूको संयोजन तथा योगेश भट्टराईलाई नीति तथा योजनासम्बन्धी विभागहरूको संयोजनको जिम्मेवारी दिने तयारी गरिएको छ ।

प्रस्तावित सूचीअनुसार सचिव छविलाल विश्वकर्मालाई लुम्बिनी प्रदेश इन्चार्ज, पद्माकुमारी अर्याललाई संसदीय मामिला विभाग प्रमुख, खगराज अधिकारीलाई गण्डकी प्रदेश इन्चार्ज, भानुभक्त ढकाललाई संगठन विभाग प्रमुख, यमलाल कँडेललाई कर्णाली प्रदेश इन्चार्ज, शेरधन राईलाई कोशी प्रदेश इन्चार्ज, राजन भट्टराईलाई राजधानी विशेष प्रदेश इन्चार्ज, हिक्मतकुमार कार्कीलाई राष्ट्रिय हित तथा सुरक्षा विभाग प्रमुख तथा महेश बस्नेतलाई बागमती प्रदेश इन्चार्ज बनाउने प्रस्ताव गरिएको छ । यस्तै, मधेश इञ्चार्जमा लीलानाथ श्रेष्ठ प्रस्तावित छन् ।

त्यसैगरी केन्द्रीय सदस्य प्रदीप ज्ञवालीलाई विदेश विभाग समन्वय प्रमुख, केन्द्रीय सदस्य अग्निप्रसाद खरेललाई ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग प्रमुख, अमन मास्केलाई इन्जिनियरिङ फाँट इन्चार्ज, डा. सूर्य पाठकलाई प्रचार तथा प्रकाशन विभाग प्रमुख, शेरबहादुर तामाङलाई पार्टी स्कुल विभाग प्रमुख, आनन्द पोखरेललाई पर्यटन तथा नागरिक उड्डयन विभाग प्रमुख, इन्द्र भण्डारीलाई पार्टीसम्बद्ध प्रतिष्ठान इन्चार्ज, कल्पना चापागाईंलाई समाज कल्याण तथा समाजसेवा विभाग प्रमुख, कर्ण थापालाई उद्योग, वाणिज्य तथा आपूर्ति विभाग प्रमुख, क्रान्ति बुर्लाकोटीलाई युवा तथा खेलकुद विभाग प्रमुख, गणेश ठगुन्नालाई संघीय मामिला तथा सामान्य प्रशासन विभाग प्रमुख तथा खेम लोहनीलाई सहकारी तथा गरिबी निवारण विभाग प्रमुख बनाउने प्रस्ताव गरिएको छ ।

अध्यक्ष ओलीको प्रस्तावमा गोकुल बास्कोटालाई भूमि व्यवस्था विभाग प्रमुख, घनश्याम पाण्डेलाई प्रवासी नेपाली मञ्च युरोप इन्चार्ज, जितु गौतमलाई उपभोक्ता हित तथा सुशासन विभाग प्रमुख, ज्वाला साहलाई कृषि तथा पशुपन्छी विकास विभाग प्रमुख, ठाकुर गैरेलाई खानेपानी तथा सरसफाइ विभाग प्रमुख, देवेन्द्र दाहाललाई भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग प्रमुख तथा निरज आचार्यलाई निर्वाचन आयोग प्रमुख बनाउने प्रस्ताव गरिएको छ ।

यस्तै, निरूदेवी पाललाई अध्यक्ष ओली तथा राष्ट्रिय स्वयंसेवक बल इन्चार्ज, बिनाकुमार श्रेष्ठलाई पुस्तकालय तथा अभिलेख विभाग प्रमुख, भारती पाठकलाई वन तथा वातावरण विभाग प्रमुख, डा. भीष्म अधिकारीलाई वित्त तथा कोष व्यवस्थापन विभाग प्रमुख, रचना खड्कालाई विज्ञान तथा प्रविधि विभाग प्रमुख तथा राजेन्द्र गौतमलाई स्थानीय विकास विभाग प्रमुखमा प्रस्ताव गरिएको छ ।

यसैगरी रमेश बडाललाई कानुन विभाग प्रमुख, रामकुमारी झाँक्रीलाई शहरी विकास विभाग प्रमुख, विन्दा पाण्डेलाई श्रम तथा रोजगार विभाग प्रमुख, विशाल भट्टराईलाई जनसंगठन समन्वय संयन्त्र प्रमुख, सुशीला नेपाललाई सामाजिक सेवा विभाग, हेमराज राईलाई साहित्य तथा कला–संस्कृति विभाग प्रमुख तथा पार्वती रावललाई शिक्षा तथा मानवस्रोत विभाग प्रमुख बनाउने प्रस्ताव अघि सारिएको छ ।

फाँटगत जिम्मेवारीअन्तर्गत क्षितिज थेबेलाई युवा फाँट इन्चार्ज, रश्मी आचार्यलाई विद्यार्थी फाँट इन्चार्ज, हरिप्रसाद घिमिरेलाई भारत प्रवास इन्चार्ज, कृष्णभक्त पोखरेललाई कानुन फाँट इन्चार्ज, उर्मिला सुनुवारलाई अपांगता फाँट इन्चार्ज, जनक चौधरीलाई मजदूर विशेष इन्चार्ज, गोरखबहादुर बोगटीलाई भूमि अधिकार फाँट इन्चार्ज तथा गिरिधारीलाल न्यौपानेलाई किसान फाँट इन्चार्ज प्रस्ताव गरिएको छ ।

त्यस्तै, खेममान खड्कालाई भूपू सैनिक तथा प्रहरी फाँट इन्चार्ज, टुकाभद्रा हमाललाई महिला फाँट इन्चार्ज, मनोहर बी पौडेललाई मुक्ति समाज इन्चार्ज, महमद हारून हलुवाईलाई मुस्लिम इत्तेहाद इन्चार्ज, भोलानाथ पोखरेल 'रोहित'लाई पेशागत फाँट इन्चार्ज, भूमिका लिम्बू सुब्बालाई जनसांस्कृतिक फाँट इन्चार्ज, रविन्द्र अधिकारीलाई प्रवासी नेपाली मञ्च मध्यपूर्व इन्चार्ज तथा मीनबहादुर शाहीलाई मानवअधिकार एलायन्स इन्चार्ज बनाउने प्रस्ताव गरिएको जनाइएको छ ।

सोमबार बसेको एमाले केन्द्रीय सचिवालय बैठकले ११ महिनाअघि आफैँले रोकेको पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने निर्णयसमेत गरेको थियो ।

प्रस्तावित कार्यविभाजनबारे शुक्रबार बस्ने सचिवालय बैठकले अन्तिम टुंगो लगाउने पूर्वउपमहासचिव तथा केन्द्रीय सदस्य प्रदीप ज्ञवालीले बताए ।

चुनावी समीक्षाको प्रतिवेदन बादललाई, महासचिवको नेतृत्वमा केन्द्रीय कार्यालय कमिटी एमालेले पछिल्ला निर्वाचनको समीक्षा गर्न उपाध्यक्ष रामबहादुर थापा 'बादल'को नेतृत्वमा कार्यदल गठन गर्ने प्रस्ताव अघि सारेको छ ।

बादलको संयोजकत्वमा बनेको कार्यदलका सदस्यमा पृथ्वीसुब्बा गुरुङ, शंकर पोखरेल, छविलाल विश्वकर्मा, भानुभक्त ढकाल, प्रदीप ज्ञवाली तथा सबै प्रदेशका इन्चार्जहरूलाई समेट्ने प्रस्ताव गरिएको छ ।

यसैबीच, महासचिव शंकर पोखरेलको नेतृत्वमा ६ सदस्यीय केन्द्रीय कार्यालय कमिटी गठन गर्ने प्रस्ताव पनि सचिवालय बैठकमा पेश गरिएको छ । एमाले विधानअनुसार महासचिवको नेतृत्वमा केन्द्रीय कार्यालय कमिटी रहने व्यवस्था छ ।

प्रस्तावित कमिटीमा संगठन विभाग प्रमुख भानुभक्त ढकाल, राजधानी विशेष प्रदेश इन्चार्ज राजन भट्टराई, प्रचार विभाग प्रमुख सूर्य पाठक, कोष तथा वित्त विभाग प्रमुख भीष्म अधिकारी तथा निर्वाचन विभाग प्रमुख निरज आचार्यलाई सदस्य बनाउने प्रस्ताव गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन